# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जुगल गाउँपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## जुगल गाउँपालिका
## सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

जुगल गाउँपालिका

सिन्धुपाल्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **निष्ठा** | *(Integrity)* |
| **स्वतन्त्रता** | *(Independence)* |
| **व्यावसायिकता** | *(Professionalism)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण निर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १६४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

जुगल गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,

सिन्धुपाल्चोक ।

१. **कैफियत सहितको राय** – हामीले जुगल गाउँपालिका आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ६ करोड ४८ लाख ३८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएको बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५२ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ९१ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.४ करोड ४ लाख ६० हजार समेत गरी यस वर्ष रू. ६ करोड ४८ लाख ३८ हजार बेरुजू कायम रहेको छ । जुगल गाँउपालिकाको गतवर्ष सम्म रु.१८ करोड ७९ लाख ५३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २५ करोड २७ लाख ९१ हजार रहेको छ । जुगल गाँउपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने जुगल गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी जुगल गाँउपालिकाको व्यवस्थापनमा रहेको छ । नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकरप्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

जुगल गाउँपालिका,

सिन्धुपाल्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६३ | ५७ | ६४८३८ | ० | ० | ० | ६३ | ५७ | ६४८३८ | ५२३७ | ४०४६० | १९१४२ | ० | ० | ५९६०२ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धु पाल्चोक | १८७९५३ | ० | ० | १८७९५३ | ० | ६४८३८ | २५२७९१ |

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## १ परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।०५ देखि २०८०।०६।०७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय —व्ययको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

### लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा अनुसुचीमा समावेश छः

**(विस्तृत विवरण अनुसूची २ मा संलग्न छ ।)**

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०३५६७३१४।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.८०००००.०० गरी रु.१११५६७३१४.०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण अनुसूची ३ मा संलग्न छ ।)**

## ४ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ० | २७०८२६२०।८० | २७०८२६२०.८ |
| चालु खर्च खाता | ११,२४,९९,७०८.९९ | ८५७८००९।९६ | १०३९२१६९९.०३ |
| पुँजीगत खर्च खाता | १३,२२,६३,०४५.७८ | ३४६९६९३१।०६ | ९७५६६११४.७२ |

| | | | |
|---|---|---|---|
| आन्तरिक अनुदान खाता | ११७१४२५०।०० | ११७१४२५०।०० | ०. |
| धरौटी | ९३४८११८।५१ | ९३४८११८।५१ | १७४४०५१९२.९५ |
| ग१.१, आन्तरिक राजस्व खाता | २९७३५०२१।७१ | २९७३५०२१।७१ | २७०८२६२०.८ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | १५४८७८०६।६३ | १५४८७८०६।६३ | १०३९२१६९९.०३ |
| **जम्मा** | **३११०४७९५२** | **१३६६४२७५८.६७** | **१७४४०५१९२.९५** |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।बैंकमा ट्रान्सफर पत्र तथा भौचर आम्दानी फरक देखिएकोले स्रेस्तामा देखाएको मौज्दात बास्तविक नभएकोले बैंक आदेश पत्र अनुसार भौचर तयार गरी बैंक हिसाब मिलान गर्ने तथा स्रेस्ता दुरुस्त गर्नुपर्दछ

## ५ कर दायित्व

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ४,४६,०८० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अतः उक्त रकम सम्बन्धित खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,४६,०८० |

## ६ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.८४ करोड ९७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था,

प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको अभिलेख पेश भएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## ८ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## ९ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरे पनि समय सिमा भित्र उपल्बध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

## १० आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण

गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• स्थानिय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ८ बमोजिम कर्मचारीको कार्य विवरण अनुसुची-५ बमोजिमको ढाँचामा तयार गरी लागु गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले कार्य विवरण तयार नगरेको

• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.७०,१२,४७३।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

• म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १२ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.४७५३०००.०० अबण्डा बजेट व्यवस्था गरी ७ योजनामा रु.२९२४०००.०० खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | बाँसखर्क तोरीबारी शेरा सडक उपभोत्ता समिति को भूत्तानी - | ९,००,०००.०० |
| २ | देउराली सिचाइ उपभोत्ता समिति | ३,००,०००.०० |
| ३ | श्री भीमसेन माध्यमिक विद्यालय र श्री नागराज आधारभूत बिद्यालय | २,१०,०००.०० |
| ४ | श्री भीमसेन माध्यमिक विद्यालय र श्री नागराज आधारभूत बिद्यालय | १,५०,०००.०० |

## १३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता,

स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २०७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६३ | १५ | ३६ | १२ |
| २. | वडास्तरीय | १४४ | १ | १५ | १२८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १४ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | २०७ | ० | ० | ५ | २०२ |

## १५ वार्षिक खरिद योजना/गुरुयोजना :

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२४ करोड ९१ लाख ९४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद

योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १६ क्षेत्रगत बजेट र खर्चको स्थितिः

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ५,६८,८०,०००.०० | ३,२७,०३,९८२.६० | ४.८४ |
| २ | सामाजिकविकास | २८,७६,४९,०००.०० | २४,५८,१७,४६९.४३ | ३६.३९ |
| ३ | पूर्वाधारविकास | २८,३०,२८,५५६.०० | १८,६१,३२,९०१.४९ | २७.५५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४,६३,८६,०००.०० | ३,५४,९५,८११.१५ | ५.२५ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २१,३६,३६,७७७.०० | १७,५३,५७,२८७.०७ | २५.९६ |
| **जम्मा** | | ८८,७५,८०,३३३.०० | ६७,५५,०७,४५१.७४ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३६.३९ प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटीमा ४.८४ प्रतिशत रहेको छ ।

## १७ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुंजीगत खर्चतर्फ | २५७१९४ | ३२२५० | ५१०३ | ३८५०८ | १८१३३२ | ७९८०७ |
| प्रतिशत | | १२.५४ | १.९९ | १४.९७ | ७०.५० | ३१.०३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२४९१९४०००।०० निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.३२२५००००.०० (१२.५४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.५१०३०००.०० (१.९९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३८५०८०००.००(१४.९७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१८१३३२०००.०० (७०.५० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७९८०७०००.०० (३१.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १८ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१करोड ४३ लाख ५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६८१६६७८.०० अर्थात अनुमान भन्दा ४७.६५ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## १९ खर्च बिश्लेषणः

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२९७३५०२१।००राजस्व बाँडफाँड र अनुदानबाट रु.४६२५३३०८७.०० समेत रु.९७४२५७६२१.०० आम्दानी भएकोमा चालु तर्फ रु.५२९८८०३१४.०० र पूँजिगत तर्फ रु. २५७१९४०००.०० र रु.८३७६९३६३२.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.५५प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६८७३०००.०० खर्च भएको छ । जुन आन्तरिक आयको २३.११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९ प्रतिशत चालु र ३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २० आवधिक योजना —

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई

भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## २१ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन,४ वटा नियमावली, ३७ कार्यविधि तथा निर्देशिका समेत ६१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

## २२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २ र यो वर्ष थप भएको २० गरी कुल २२ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्यौंट भई ११ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २३ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन —

वागमती प्रदेश स्थानिय स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दरबन्दी सृजना तथा पुनरावलोकन गर्दा स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतको संयोजक्तवमा समिति गठन गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३७ जना पदपूर्ती भएको देखिन्छ ।परीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ७१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

## २४ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा शिक्षक किताबखानाबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ

५० कर्मचारीको रु.२२८०००००.००, शिक्षातर्फ १६९ शिक्षकहरुको रु.९४०४४०००.०० र पालिकाका ११ कर्मचारीको रु.७१०००००.०० समेत रु.१२३९४४०००.०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२५ **कर्मचारी व्यवस्था-**

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ वमोजिम स्थानीय सेवाका कार्मचारीले गर्नुपर्ने कामका लागि करारमा नियुक्ती गर्न नपाईने उल्लेख छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु७३३१६०६ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| सुचना अधिकारी | १ | ५७७९५७ |
| इन्जिनियर | १ | ५७७९५७ |
| सव इन्जिनियर ( पाँचौ) | २ | ९२२९८० |
| अमिन ( चौथो ) | १ | ४३७७२६ |
| एसिष्टेन्ट सव इन्जिनियर ( चौथो) | ६ | २६२६३५६ |
| सहायक कम्प्यूटर अपरेटर ( चौथो) | १ | ४३७७२६ |
| कार्यालय साहयक ( चौथो) | ४ | १७५०९०४ |
| जम्मा | | ७३३१६०६।०० |

| | |
|---|---|
| अनियमित भएको | ७३,३१,६०६ |

२६ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। उक्त ववरण नराख्दा विमा एवं जमानतको म्याद समाप्त भई बैंक दावी

गर्न नसकिने र वढी भूक्तानी हुने अवस्था सृजना हुन सक्दछ ।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.२३९३०००.०० खर्च गरेको छ । विवध खर्च नियन्त्रण हुनुपर्दछ ।

२८ **धरौटीः**

आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली २०६४ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पुरा भइ प्रचलित कानून वमोजिम वा करारको शर्तनामा वमोजिम धरौटी रकम राजश्व दाखिला गर्नुपर्ने भएमा सम्बन्धित अधिकारीले निर्णय गरी धरौटी रकम राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ । धरौटीको स्रेस्ता एवम बैंक अनुसार आर्थिक वर्षको अन्त्यमा रु.९३४८११९.०० धरौटी बांकी रहेकोमा धरौटी राखेको मिति र प्रयोजन खुल्ने गरी व्यक्तिगत धरौटी खाता र कच्चाबारी राखेको देखिएन। उक्त धरौटी मध्ये के कती धरौटी प्रयोजन समाप्त भइ सकेको हो सो एकीन गरी राजश्व दाखिला गरेको समेत देखिएन। अतः प्रचलित नियमावली अनुसार प्रयोजन समाप्त भइ सकेको धरौटी राजश्व दाखिला गरी व्यक्तिगत धरौटी खाता अद्यावधिक गर्नुपर्दछ।

२९ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको यस वर्षको बजेटमा एकमुष्ठ रु.३ करोड ४० लाख व्यवस्था गरी ४३ योजनको रु.३३७७९६०२.०० यस बर्ष भुक्तानी गरेको छ ।

३० **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छ .

**(हजारमा)**

| सम्पत्ति | प्राप्त मिति | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | २०७६।८।२२ | निशुल्क | ३१ रोपनी |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | | | विवरण पेश नभएको |
| उपकरण (रु.१ लाखभन्दा बढी) | | | विवरण पेश नभएको |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | २०७५ | | Land crusar jeep अनुदानबाट प्राप्त |
| अतिक्रमणमा परेको जग्गा | | | विवरण पेश नभएको |
| अतिक्रमण हटाउन गरेको प्रयास | | | विवरण पेश नभएको |

## ३१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ३२ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## ३३ जिन्सी दाखिलाः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ वमोजिम कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामान सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाकाले मा शक्ति इन्जिनियरिङ्ग एण्ड हाइड्रोपावर प्रा लि बाट १ थान २५ KVA ट्रान्सफर खरिद गरी रु.३४४२००.०० भुक्तानी गरेको छ । उक्त सामान वडा कार्यालयमा हस्तान्तरण गरी जिन्सी मौज्दात नदेखिएको र वडा कार्यालयमा जिन्सी खाता ( PAMS ) नहुने भएकोले उक्त सामानको जडान भएको प्रमाण सहित पुनः जिन्सी आम्दानी गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४४,२०० |

## ३४ सहकारी नियमन-

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## ३५ धरौटी फिर्ताः-

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२४(२)मा रिटेन्सन मनि रकमको पचास प्रतिशत सम्बन्धित निर्माण व्यावसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि फिर्ता गर्नुपर्ने व्यवस्था छ।त्यसै गरी अर्थ मन्त्रालयको प.सं. २०६९।७० च.नं. ३६९ मिति २०६९।६।१७ को परिपत्र बमोजिम मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणपत्रपेश गरेपछि मात्र धरौटी फिर्ता गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले देहायका निर्माण व्यावसायी धरौटी रकम कर चुक्ता र मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण बेगर फिर्ता गरेकोले सो प्रमाण पेश गर्नुपर्दछ ।

| भौ न/ मिति | कामको विवरण | निर्माण व्यवसायी | धरौटी फिर्ता रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ६।२०७९।३।२६ | ढाडे सेर्माथाङ रोड | कान्छाराम कन्सट्रकसन प्रा ली | ७६३९३४।४३ |
| ७।२०७९।१०।५ | सुनखोला पाङवाङ सडक र गोन्डेगाउ सडक | सिद्धार्थ निर्माण सेवा | ५१४४९४ |
| ११।२०७९।११।५ | दौडे सेर्मा थङदगाम सडक | कान्छाराम कन्सट्रकसन प्रा ली | ४०६८६९।५३ |
| १४।२०८०।१।१२ | डाँडे लाम्चे बटासि सडक | लक्ष्मी कन्सट्रकसन | ५७३८६३ |
| जम्मा | | | २२५९१६०।९६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२,५९,१६० |

३६ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१५६०२२०२.०० कर सङ्कलन गरेको जनाए पनि उक्त रकममा दहत्तर बहत्तर समेत समावेश भएकोले व्यवसाय कर एकिन हुन सकेन। साथै पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३७ **आन्तरिक आय सम्बन्धमा देखिएको ब्यहोराः**

३७.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छः

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५००००० | १०३१३३१ | ६८.७६ |
| घरजग्गा वहाल कर | १००००० | १६७८७५ | १६७.८८ |
| व्यवसाय कर | १५००००० | १५६०२२० | १०४.१५(दहत्तर बहत्तर समेत) |
| वहाल विरौटी शुल्क | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३७.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४१७१७७०१५ | २९७३५०२१ | ७.१३ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७.१३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७.३ **राजश्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

३८ **अमानतबाट बिक्रिः**

प्ररम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसार बोलपत्रको माध्यमबाट स्लेट ढुङ्गा उत्खनन, संकलन र निकासि गर्ने सकारकर्ता बिच IEE मा तोकिएको परिमाण भन्दा घटी परिमाणमा ठेक्का लगाएका कारण २०७९।१२।८ गते व्यवसायीले कार्यसम्पन्न गरेको जनाएकाले मिति २०७९।२।२६ को निर्णय बमोजिम कर्मचारीबाट स्लेट ढुङ्गाको अमानतबाट आन्तरिक आम्दानी संकलन गर्ने निर्णय भएको र स्थानिय सेवा चौथो तहका फुलकाजी स्याङबोले २०८० बैशाख १ गते देखि २०८० असाढ मसान्त सम्म नगदी रसिद नं. १ देखि ७२५ बाट ३८५२५० वर्ग फिट स्लेट ढुङ्गा रु ४११८०००। मुल्य अभिवृद्धि कर समेत बिक्रि वितरण गरेकोमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

३८.१ **ढिला दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोहि दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने र उपनियम २ बमोजिम ढिला दाखिला गरेको अवधिको १० प्रतिशतले जरिवाना लगाउने व्यवस्था छ । यस वर्ष स्लेट, ढुङ्गा २०८० बैसाख १ गते देखि अषाढ मसान्त स्थानिय सेवा चौथो तहका फुलकाजी स्याङवोले अमानतबाट बिक्रि गर्दा रु ४११८००० बैंक दाखिला गरेकोमा आम्दानी भएको रकम सोहि दिन वा भोलि पल्ट दाखिला गरेको देखिएन। सो अविधिमा रु १०००००.०० देखि १००००००.०० संकलन भएपश्चात ढिला गरि दाखिला गरेकोमा पालिकाले जरिवाना

गरेको देखिएन । पालिकाले नियममा भएको व्यवस्था बमोजिम आन्तरिक आय रकम समयमा दाखिला गर्न लगाउने र नगरेमा जरिवाना हिसाब गरि असुल गर्नुपर्दछ ।

३८.२ **मुल्य अभिवृद्धि कर दाखिला नगरेको:** मुल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १५(३) बमोजिम असुल भएको मुल्य अभिवृद्धि कर सम्बन्धित राजश्व शिर्षकमा दाखिला गर्नुपर्दछ । पालिकाले यस वर्ष स्लेट ढुङ्गाको अमानत बापत रु. ४११८०००.०० (मुल्य अभिवृद्धि कर समेत) असुल गरी पालिकाको खातामा दाखिला गरेको भएता पनि मुल्य अभिवृद्धि कर बापतको रकम रु.४७३७५२।२१ संघीय सरकारको राजश्व शिर्षक नं. ३३३१७ मा दाखिला गरेको नदेखिएकाले दाखिला गरेको प्रमाण पेश  गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,७३,७५२ |

३९ **आन्तरिक आयः**

एकिकृत आर्थिक विवरणमा आन्तरीक आम्दानी रु.२९७३५५०२१।७१ रहेकोमा देखिएका व्यहोरा निम्नानुसार छनः

३९.१ **सिफारिस दस्तुरः** गाउँपालिकाले आर्थिक ऐन बमोजिम सिफारिस दस्तुर निर्धारण गरेकोमा सिफारिस पत्र र चलानी रजिस्टर भिडाइ दस्तुर यकिन गरेको देखिएन । चलानी रजिस्टर लेखापरीक्षणमा समेत पेश हुन आएन ।चलानी रजिस्टर पेश नभएको कारण कतिवटा सिफारिस भए र दस्तुर कति असुली भयो भिडान गर्न सकिएन । अतः सिफारिस पत्र र र चलानी रजिष्टर भिडाएर दस्तुर असुली गरी आम्दानी बाध्नुपर्दछ ।

३९.२ **म ले प फारम प्रयोग नगरेको:** पालिकाले स्वीकृत म ले प फारम नं १०५ ,१०६,१०६ क,१०७,१०८ प्रयोगमा ल्याउनु पर्नेमा प्रयोग नगरेका कारण आन्तररिक आम्दानीको असुली दाखिला विवरण अद्यावधिक भएको पाइएन । पालिकाले प्रयोग गरेका नगदि रसिदको सिलसिलेवार पोष्टिङ नगरेको, आम्दानी रकम बैंक दाखिला मिति लगायतका अभिलेख राखेको छैन् । जसले गर्दा सबै नगदी रसिदको रकम आम्दानी भयो वा भएन र कहिले सम्म आम्दानी भएको रकम कुन मितिमा बैंक दाखिला भएको हो यकिन गर्न सकिएन । अतः म ले प फारमहरु प्रयोगमा ल्याउनु पर्दछ ।

३९.३ **परिमाणात्मक बन्देजः** आन्तरिक आय अन्तर्गतको ठेक्कामा नदि जन्य पदार्थ (ढुङ्गा, गिट्टि, ग्रामेल,दस्कट, मस्कट, माटो ) आदिको उत्खनन संकलन तथा निकासि कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरि परिमाण एकिन गरि मात्र निकासि गर्न दिनुपर्नेमा व्यवसायीलाई साइट सबै जिम्मा लगाउने र व्यवसायीले क्रसर उद्योगलाई जिम्मा लगाई संकलन गरि निकासि गर्ने गरेको पाइयो । परिमाणात्मक बन्देज लगाउन रसिदको नियन्त्रण खाता राखि रसिद प्रमाणित गरी दिनुपर्ने र अर्धकट्टी कार्यालय फिर्ता लिइ परिमाण यकिन गर्नुपर्नेमा रसिद प्रमाणित गरीदिए पनि व्यवस्थित रुपमा रसिद नियन्त्रण खाता राखेको देखिएन । स्लेट ढुङ्गाको सकारकर्ताले घाटगद्धि नगरी साझै संकलन गरी व्यवसायीलाई बिक्रि वितरण गरेको देखियो । व्यवसायीले

छपाइ गरेको रसिदको कार्यालयले छाप लगाइ दिने गरेको र पछि व्यवसायीले बिजकको अर्धकट्टी कार्यालयमा बुझाएको देखिए पनि निकासी परिमाण भन्दा घटि अर्धकट्टी रहेको र विलको रसिद नियन्त्रण खाता समेत नरहेकोले तोकिएको परिमाण निकासी भएको एकिन गर्ने प्रयाप्त आधार देखिएन । त्यसै गरि कार्यालयले समय समयमा साइट निरिक्षण गरी तोकिएको परिमाण भन्दाको सिमामा रहि उत्खनन, संकलन र निकासी गरे/नगरेको प्रतिवेदन समेत गरेको देखिएन। अतः सम्झौता परिमाण अनुसार निकासी भएको प्रमाणीत हुने गरि घाटगद्धि अभिलेख, रसिद नियन्त्रण खाता, अर्धकट्टी सुरक्षित राख्नु पर्दछ ।

३९.४ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३३१७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष देहायको आय ठेक्काबाट रु.१०६५६०००.०० असुल गरेकोमा मुल्य अभिवृद्धि कर रु.१३८५२८० असुल गरेको नदेखिएकाले असुल गरी दाखिला गर्नुपर्दछ।

| सि न | आय ठेक्का विवरण | ठेक्का नम्बर | सकारकर्ता | ठेक्का रकम | मुल्य अभिवृद्धि कर रकम |
|---|---|---|---|---|---|
| १ | स्लेट ढुङ्गा (स्वीकृत खानी क्षेत्र बाहेक) उत्खनन, संकलन रनिकासी कार्य | JRM/NCB/02/2079-80 | सि पि निर्माण सेवा | १०१०५००० | १३१३६५० |
| २ | नदि जन्य पदार्थ(ढुङ्गा,गिट्टी, बालुवा, ग्रावेल, माटो आदी) उत्खनन संकलन र निकासी कार्य | JRM/NCB/01/2079-80 | सिद्धार्थ निर्माण सेवा | ५५१००० | ७१६३० |
| जम्मा | | | | १०६५६००० | १३८५२८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,८५,२८० |

३९.५ **जिन्सी आम्दानीः** पालिकाले आन्तरिक आय असुल गर्न नगदी रसिद छपाइ गरि जिन्सि दाखिला गर्नुपर्ने र जिन्सीबाट आय संकलनका लागि जिम्मेवार व्यक्तिलाई राजश्व शाखाले जिन्सी शाखाबाट रसिद बुझिलिइ रसिद नियन्त्रण खाता मार्फत नगदी रसिद बुझाउनु पर्नेमा नगदी रसिद छपाइ गरि जिन्सी खाता (PAMS) मा आम्दानी गरेको देखिएन । जिन्सी आम्दानी बेगरको रसिद प्रयोग गरि स्लेट ढुङ्गा बिक्रि वितरण गर्ने कार्य पारदर्शिपुर्ण देखिएन ।

३९.६ **ढिलो दाखिलाः** स्लेट ढुङ्गा एवम नदिजन्य पदार्थ उत्खनन संकलन एवम निकासी गर्ने पालिका र व्यवसायी बिच मिति २०७९।५।२६ को सम्झौताको बुदा नं ४ अनुसार समयमा किस्ता रकम गाउँपालिकाको खातामा दाखिला नभएमा प्रत्येक दिन बुझाउनु पर्ने किस्ता रकमको ०.०५ प्रतिशतका दरले जरिवाना तिर्नुपर्ने व्यवस्था छ । यस वर्ष स्लेट ढुङ्गा व्यवसायी सि.पि. निर्माण सेवाले दोस्रो किस्ता रु.२०२१०००.०० मङ्सिर मसान्तसम्म दाखिला गर्नुपर्नेमा २०८०।८।१८ गते रु १२९६५०० दाखिला गरेकोले नपुग रु.७२४५००.०० मा प्रथम किस्ता दाखिला गर्दा रु.९४५००.०० बढी दाखिला गरेको रकम कटाइ हुन आउने रु.६३० मिति

२०७९।१०।१५ गते दाखिला भएकाले ४५ दिनको (२०७९।९।१ देखि २०७९।१०।१५) दिनको ०.०५ प्रतिशतले हुने जरिवाना रकम रु.१४१७५ असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,१७५ |

३९.७ **बैक भिडान नभएको:** स्रेस्ता अनुसार आम्दानी र बैकं अनुसार आम्दानी भिडान हुनुपर्दछ । आन्तरीक आय पालिकाबाट रु.१५७२२५६२।७५ र वडा कार्यालयबाट रु.२१६४३२१।५७ बैकं खातामा रु. २९७३५०२१।७१ गरी जम्मा रु.१७८८६८८४।३५ दाखिला गरेकोमा आन्तरीक आम्दानीको बैकं खातामा रु २९७३५०२१।७१ देखिएकोले स्रेस्ताभन्दा बैकं आम्दानी रु.११८४८१३७।३९ बढी देखिएको छ ।राजश्व बाँडफाँडको रकम समेत आन्तरीक आय खातामा आम्दानी भएकाले बैकं बढी हुनगएको पालिकाको भनाइ छ ।अतः राजश्व बाँडफाँड रकम सम्बन्धीत खातामा आम्दानी गर्नुपर्ने र अन्य रकम के कति रकम आम्दानी बाधेको हो एकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

३९.८ **घटी ठेक्का:** आन्तरीक आयको स्वीकृत वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अनुसार आय ठेक्का लगाउनु पर्दछ । पालिकाले यस वर्ष स्लेट ढुङ्गा र नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि,बालुवा ग्रावेल माटो आदी) को उत्खनन , संकलन एवम निकासी कार्यको IEE अनुसार देहायको परिमाणको ठेक्का लगाउनु पर्नेमा घटी ठेक्का लगाएकोले आन्तरीक आय रु.४,६२,१४,९१७.०० असर परेको छ ।IEE प्रतिवेदनमा उल्लेखित परिमाण बराबर ठेक्का नलाग्ने भएकोले ठेक्का नलगाउनु भन्दा घटी परिणाममा ठेक्का लगाउदा आन्तरीक आय आम्दानी हुने भएकाले गाउँ कार्यपालिकाबाट निर्णय गराइ ठेक्का लगाएको लेखापरीक्षणको क्रममा उल्लेख गरेको छ । तोकिएको परिणाममा सुचना आव्हान नगरी ठेक्का बन्दोबस्ती गर्दा ठेक्का नलाग्ने आधार नभएको र ठेक्का नलाग्ने साइटको DPR गरी परामर्शदातालाइ भुक्तानी गर्नु उचित नहुने देखियो । गाउँ कार्यपालिकाले घटी ठेक्का बन्दोबस्ती गर्न निर्णय गरेको आधार एवम कारण नखुलाई घटी बन्दोबस्ती गरेको कारण राजश्व आम्दानीमा असर परेकोले IEE प्रतिवेदनमा उल्लेखित परिमाणको ठेक्का बन्दोबस्त नगर्नुको कारण स्पष्ट गर्नुपर्दछ ।

| सिन | आन्तरीक आय | ठेक्का नम्बर | इकाई | दर | IEE बमोजिम उत्खनन गर्न मिल्ने परिमाण | मुल्य | ठेक्का लगाएको परिमाण | न्युनतम मुल्य | घटि परिमाण | मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्लेट ढुङ्गा उत्खनन संकलन तथा निकासि | JRM/NCB/02/2079-80 | घनफिट | ९ | २५२५००० | २२७२५००० | १२२२२२२ | ११००००० | १३०२७७८ | ११७२५०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | नदिजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा माटो) | JRM/NCB/01/2079-80 | घनफिट | ९ | ३८९३३२४ | ३५०३९९१६ | ६११११ | ५५०००० | ३८३२२१३ | ३४४८९९१७ |
| जम्मा | | | | | | | | | | ४६२१४९१७ |

## ४० शिक्षक दरवन्दी र पदपूर्ति

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या अनुसुचीमा उल्लेख छ । शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरवन्दी मिलान गर्नुपर्ने र भौगोलिक दुरीले नमिल्नेमा कक्षा घटाई शिक्षक सरुवा गर्नुपर्दछ ।

**(विस्तृत विवरण अनुसूची ४ मा संलग्न छ ।)**

## ४१ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष ७४ जनालाई औसत ९५.०९ दिनले ७०३७ दिन रोजगारी उपलव्ध गराई रु.४४७८३२८.०० श्रमिक ज्याला गरी कुल रु.६६९५६२३।०० खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ४२ उद्यम विकास कार्यक्रम (MEDPA)

गरिवी निवारणका लागी लघु उधम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार को दफा ४१ अनुसार लघु विकास कार्यक्रम अन्तरगत सिप तालिम कार्यक्रममा प्रविधि हस्तान्तरण गर्दा प्रविधि खरिद लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नु पर्ने उल्लेख रहेकोमा २० प्रतिशत रकम कार्यालयमा बुझाएको नदेखिएकोले उक्त रकम सम्वन्धितबाट असुल हुनुपर्दछ ।

| मिति।भौचर | कार्यक्रम | भुक्तानी पाउने व्यक्ति | भुक्तानी दिएको रकम | २० प्रतिशतले हुने रकम |
|---|---|---|---|---|
| ९०। २०८०।२।१६ | विउको बोको हस्तातरण | सहजकर्ता श्री रमा कार्की | ६०,०००।०० | १२,००० |
| १४९।२०८०।३।२१ | गलैचा तान हस्तान्तरण | सहजकर्ता श्री रमा कार्की | २,४१,४००। | ४८,२८० |
| १६६।२०८०।३।२३ | गलैचा तान हस्तान्तरण | सहजकर्ता श्री रमा कार्की | २,४१,४००। | ४८,२८० |
| १६६।२०८०।३।२३ | सिलाई मेसिन हस्तान्तरण | सहजकर्ता श्री रमा कार्की | १४,०००। | २,८०० |
| | जम्मा | | | १,११,३६० |
| | | | असुल गर्नुपर्ने | १,११,३६० |

## ४३ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा गरी रु.२६५००००.०० अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| क्र सं | अनुदान प्राप्तगर्ने संस्था | अनुदान (रु.) | अनुदान व्यहोरा |
|---|---|---|---|
| १ | स्यालालनमुना कृषि तथा पशु फर्म, जुगल २ | ३लाख | आलुतथा ओखर खेती उत्पादन तथा बजारीकरण |
| २ | बनकालीकृषि तथा पशुपालन फर्म, जुगल १ | १लाख | |
| ३ | आलुउत्पादन कृषक समुह जुगल १ | १लाख | लसुनअदुवा बेसार उत्पादन तथा बजारीकरण |
| ४ | जुगलकृषि पशुपन्छि तथा माछापालन फर्म, जुगल १ | २लाख | |
| ५ | अम्बोटेकृषि तथा पशुपालन फर्म, जुगल १ | १लाख | |
| ६ | देउरालीप्रगती कृषि तथा पशु फर्म, जुगल १ | १लाख | ओखरतथा तेजपत्ता प्रोत्साहन कार्यक्रम |

| | | | |
|---|---|---|---|
| ७ | सिलवालनर्सरी तथा कृषि फर्म जुगल ४ | १.५लाख | |
| ८ | हगामकृषक समुह, जुगल ६ | १.५लाख | |
| ९ | हगामटोल विकास संस्था, जुगल ६ | ३.५लाख | |
| १० | अम्मरसिंहपोखरी पशुपालन तथा कृषि फर्म, जुगल ६ | १लाख | जडीबुटीतथा ओखर खेती |
| ११ | सुक्पाथीकृषि तथा पशुपालन फर्म, जुगल ४ | ३.५लाख | किवीप्रोत्साहन कार्यक्रम |
| १२ | ए.वि.एस.कृषि तथा पशुपालन फर्म , जुगल ६ | १लाख | टिमुरप्रोत्साहन कार्यक्रम |
| १३ | चेपेकृषि सहकारी संस्था लि.जुगल १ | १.५लाख | किवीप्रोत्साहन कार्यक्रम |
| १४ | सोनामफेल हशिङ कृषि फर्म,जुगल ४ | ४लाख | सोनामफेल ह्शीङ कृषि फर्म अम्रिसो खेती अनुदान |
| | जम्मा | २६.५० लाख | |

४४ **औषधि खरिद**

पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा१८महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद बजेट उप शिर्षकबा सेतिदेवी मेडिसिन सप्लायर्ससँग रु.१४९३५०५।०० को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

४५ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष ५०० थानको रु.५०००००.०० र यस वर्ष २०० थान को रु.२००००० खरिद गरेकोमा गत वर्ष १०८ जना र यस वर्ष १२१ जना गरी २२९ मात्र प्रसुति भएको

अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४७१ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४६ **फाइल पेश नभएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको निम्नानुसारको खरिद सम्झौताको रनिङ्ग विल भुक्तानी गर्दा योजनागत फाइल तयार नगरे र लेखापरीक्षणको क्रममा समेत पेस नगरेकोले बिल भन्दा अघिल्लो भुक्तानी भएको ठेक्का बिलबाट अल्या गरेको रकम र अध्यावधिक रकम भिडान गर्न सकिएन।

| भौ नं | योजनाको नाम | निर्माण व्यवसायी | अध्यावधिक कार्य | अघिल्लो भुक्तानी (नापी यस विलमा जनाए अनुसार) | यस वर्ष भुक्तानी |
|---|---|---|---|---|---|
| ७२ | बाघ सिम्ले महभिरसडक ( NCB/05/076-77) | शान्ती देवी एण्ड कन्स्ट्रक्शन प्रा.लि. | १९९१३५२९.०१ | १५११४२२५.७७ | ४७९९२९७ |
| ६८ र ३०३ | बाघ सिम्ले महभिरसडक ( NCB/04/076-77) | त्रिवेणी ब्रम्हायणी कन्स्ट्रक्सन | १५९५८८६०.२ | ५५०१५१८ | १०४५७३४२.२ |
| ३४३ | ल्याप्से विप्लुङ याङ्लाकोट सडक ( NCB/02/076-77) | वाइवा एण्ड लामा -रेयर जे भि | १९१७४९०७.४७ | १०६०६३३०.१ | ८५६८५७७.३३ |
| | | जम्मा | ५५०४७२९६.६८ | ३१२२२०७३.८७ | २३८२५२१६.५३ |

४७ **भेरिएशन नगरी भुक्तानीः**

सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११८ (१) बमोजिमखरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएको अवस्थामा सार्वजनिक निकायले भेरिएसन आदेश जारी गरे पश्चात मात्र भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसारको खरिद सम्झौतामा भेरिएसन आदेश स्वीकृत नगरी सम्झौता भन्दा वढी भुक्तानी भएको देखिएकोले उक्त भुक्तानीको प्राबिधिक पुस्टयाई र कारण सहित भेरिएसन स्वीकृत नभएकोले अनियमित देखिएको छ ।

| **योजनाको नाम** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** | **भुक्तानी रकम** | **थप भुक्तानी** |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुनखोला घुङ्गा पाङटाङ सडक (NCB/06/078-79) | देव निर्माण सेवा | ९३३८६५८ | १०५८३३९३ | १२४४७३५ |
| ल्यापसेखोला बेली ब्रिज (NCB/02/076-77) | वाइवा एण्ड लामा रेयर जे भि | १७४०५९६९ | १९१७४९०६ | १७६८९३७ |
| जम्मा | | | | ३०१३६७२ |

| | |
|---|---|
| अनियमित भएको | ३०,१३,६७२ |

४८ **नन् फाइलरः**

मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यावसायीहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएको एवं ननफाइलर समेत देखाएकाले मूल्य अभिबृद्धि कर रु.१७९०४६५।०० समायोजन भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर असूल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,९०,४६५ |

**(विस्तृत विवरण बेरूजु अनुसूची ५ मा संलग्न छ ।)**

४९ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र १२३ वमोजिम सार्वजनिक निकायले बिल भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले धुङ मान्दा सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उक्त कार्यको मुल्यांकन अनुसार ग्यावियन जालिका लागि खन्ने कार्य मानिसबाट भएको भनि ४७२.९५ घ.मि. को रु.५५६.२० का दरले भुक्तानी गरेको छ । तर मानिसले माटो खन्न प्रयोग गर्ने औजार खरिद गरेको विल पेश नगरेको तथा माटो खन्दै गरेको फोटो समेत पेश नभएकोले मानिसबाट नै भएको हो भन्न सकिने अवस्था छैन । साथै उक्त सडक मोटरेबल रहेकोले उक्त कार्य लाभग्राही सामुदायले मेसिन प्रयोग हुन सक्ने र मेसिनको पालिकाको दर रु.८७ प्रति घनमिटर देखिएको मेसिन प्रयोग भएको अवस्थामा मानिसबाट भएको काममा रु.२२१९०८।०० फरक पर्ने देखिएकोले यस सम्वन्धमा पालिकाबाटै एकिन गरि मेसिनबाट गराएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२१,९०८ |

५० **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### ५१ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

### ५२ स्रेस्ता पेश नभएकोः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी राख्नुपर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको खरिद ठेक्काको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली वमोजिम खरिद सम्झौता फाइल पेश भएन ।

| भौ नं र मिति | योजनाको नाम | भुक्तानी पाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| ५२४- ०७९।१२।१० | ढाँडे विप्लुङ चाङ्लाकोट सडक (NCB/03/078-79) | मिझ्मा सप्लायर्स एण्ड कन्स्ट्रक्सन/ रिना कन्स्ट्रक्सन जे भि | ३३६०५२० | रनिङ्ग विल |
| | १० शैयाको अस्पताल (NCB/14/077-78) | महादेव खिम्ति/ अन्जना टक्सार जे भि | ८०००००० | मोविलाइजेशन पेश्की |
| | जम्मा | | ११३६०५२० | |

### ५३ ग्रामिण संचार

ग्रामिण संचार अन्तर्गत विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्न एरोनेट प्रा.ली संग रु ८०३४२६६।९४ (मु अ कर समेत) मिति २०७९।११।१९मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

५३.१ **पेश्की जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को निमय ११३ अनुसार सेवा प्रदायकलाई खरिद सम्झौता बमोजिम दिइएको पेश्की दिदा पेश्की रकम खाम्ने गरी सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको बैंक जमानत लिनुपर्ने व्यवस्था छ ।पालिकाले उक्त सेवा प्रदायकलाई रु.१४२५०००.०० पेश्की दिएकोमा सो को म्याद २६ जुन २०२३ मा समाप्त भएकोले पेश्की जमानत जफत हुनुपर्ने वा पेश्की पेश्कीको म्याद थप भएको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,२५,००० |

५३.२ **कार्य सम्पादन जमानत अवधिः** सार्वजनिक खरिद ऐन २०६३ वमोजिम निर्माण व्यवसायी वा सेवा प्रदायकको त्रुटी सच्याउने अवधिको समेत खाम्नेगरी कार्यसम्पादन जमानत पेश गर्न लगाउनुपर्दछ । ग्रामिण संचार विस्तारको लागि पालिकाको विद्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयहरुमा इन्टरनेट जडान गर्न एरोनेट प्रा लि संग भएको सम्झौता अनुसार हाल सम्म कार्य सम्पन्न नभएको र २०८०।५।३ मा म्याद थपको लागि निवेदन पेश गरेको छ । उक्त कार्य सम्पन्न भएको २ वर्ष सम्म निशुल्क इन्टरनेट सेवा प्रदायकले सप्लाई गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुसार थप २५ महिनाको कार्यसम्पादन जमानत पेश हुनुपर्नेमा 14 july 2024 सम्मको मात्र कार्यसम्पादन जमानत पेश गरेकोले जमानतको म्याद थप हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५३,२४२ |

५३.३ **नपुग कार्य सम्पादन जमानतः** सार्वजनिक खरिद ऐन २०६४ को दफा २७(४) वमोजिम कबोल गरेको रकमको पाँच प्रतिशत बैंक जमानत पेश गर्नुपर्ने व्यवस्था छ । ग्रामिण संचार संजाल विस्तार गर्ने पालिका अन्तरगतका विद्यालय तथा स्वास्थ्य संस्था र वडाकार्यालयहरुमा इन्टरनेट जडान गर्न एरोनेट प्रा लि सँग रु.८०३४२६६।९४ मा सम्झौता भए अनुसार ५ प्रतिशतले रु.४०१७१३।३० को जमानत पेश गर्न लगाउनुपर्नेमा रु.३५३२४२।०० को बैंक जमानत पेश भएको देखिएकोले नपुग रकम रु.४८४७१।३० को थप बैंक जमानत पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,४७१ |

**५४ कार्यसम्पादन सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।**

५४.१ **कार्यसम्पादन जमानतः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा कार्य सम्पादन जमानतको अवधि त्यस्तो सम्झौतामा उल्लिखित प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको

अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ त्यसै गरी खरिद संझौताको दफा GCC १७.१ अनुसार कार्यसम्पादन जमानतको म्याद हुनुपर्ने अवधि समेत उल्लेख छ । पालिका भवन निर्माण व्यवसायी शिवालय टक्सार कामाख्या जे.भि. सँग सम्झौता गरी कार्य गरेकोमा सम्झौताको म्याद भित्र कार्य सम्पन्न नभई हालसम्म कार्य भईरहेको देखियो । निर्माण कार्यको म्याद २०७८।९।३० मा नै सकिएको तत् पश्चात म्याद थप समेत नभएको देखियो । नियामावली र सम्झौता बमोजिम कार्यसम्पादन जमानत रु.७३९३५००।०० को म्याद मिति २०७९।४।३२ सकिएकोले निर्माण कार्य तथा कार्यसम्पादन जमानतको म्याद थप हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,९३,५०० |

५४.२ कार्यसम्पादन घटीः सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ (४)बमोजिम बोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गर्दा लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ । सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायको खरिद सम्झौतामा लागत अनुमानभन्दा पन्ध्र प्रतिशतभन्दा बढी अंक कबुल गरेकोमा कार्यसम्पादन जमानत घटी देखिएकोले नपुग रकम थप गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| **ठेक्कानंर आव** | **कार्यको विवरण** | **निर्माण व्यावसायी** | **लागत अनुमान** | **सम्झौता अंक** | **जम्मा रकम** | **कार्यसम्पादनजमानत रकम** | **नपुग रकम** |
|---|---|---|---|---|---|---|---|
| JRM/NCB /8-207९-0८० | चनौटे खानेपानी योजना | जुगल हिमसिखर / गोल्मादेवी | १५९३३६१३ | ९५४३८९६ | २४७७०३२ | २१९५४९३ | २८१५३९ |
| JRM/NCB /9-207९-081 | प्रवेस द्धार निर्माण | विकास निर्माण सेवा | ५७०७६०० | २९९६८६३ | १०७७१४२ | ९५६६५२ | १२०४९० |
| जम्मा | | | २१६४१२१२ | १२५४०७५९ | ३५५४१७४ | ३१५२१४५ | ४०२०२९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,०२,०२९ |

## ५५ विमा नगराएकोः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन

खर्च लगायत उपनियम २ मा लेखिएदेखि बाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले तपशिल वमोजिमका खरिद सम्झौतामा वीमा नै नगराइ निर्माण कार्य सम्पन्न नगरेमा वा क्षति भएमा सरकारी लगानी जोखिममा पर्ने देखिन्छ । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ सम्झौता बमोजिम विमा गरेको प्रमाण पेश गर्नुपर्दछ ।

| **ठेक्का नं र आ व** | **कार्यको विवरण** | **निर्माण व्यावसायी** | **सम्झौता रकम (मु अ कर र पि एस) समेत** | बिमागर्नुपर्ने रकम (११५%) | **नपुग रकम** |
|---|---|---|---|---|---|
| JRM/NCB/ 014-2076-077 | गाउपालिका भवन निर्माण | शिवालय टक्सार /कामाख्या जे भि | ४५२३०१७०.०३ | ५२०१४६९५.५३ | ५२०१४६९५.५३ |
| JRM/NCB/ 5-2079-080 | गोन्डेगाउ पाङगाराबु सडक स्तरोन्नती | लक्ष्मीकन्सट्रकसन चौतारा | १९३५८२५१.९४ | २२२६१९८९.७३ | २२२६१९८९.७३ |
| JRM/NCB/ 9-2079-080 | प्रवेशद्धार निर्माण | विकासनिर्माण सेवा | २९९६८६२.८९ | ३४४६३९२.३२ | ३४४६३९२.३२ |
| JRM/NCB/ 10-2077-078 | बाघसिम्ले महाबिर सेलाङ सडक स्तरोन्नती | धितालनिर्माण सेवा | ५७९०१५९.३८ | ६६५८६८३.२८ | ६६५८६८३.२८ |
| JRM/NCB/ 5-2078-089 | सिस्नेरी चनौटे बाङ्गुजे सडक स्तरोन्नती | मिङ्मा सप्लार्यस एण्ड कन्सट्रकसन रिना जे भि | १५४२५६४४.८५ | १७७३९४९१.५७ | १७७३९४९१.५७ |
| | | जम्मा | ८८८०१०८९.०९ | १०२१२१२५२.४३ | १०२१२१२५२.४३ |

## ५६ घटी पुर्वनिर्धारित क्षतिपुर्ती

सार्वजनिक खरिद नियमावली २०६४ को निमय १२१ वमोजिम निर्माण व्यवसायीले सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न गर्न नसकेमा सम्झौता रकममा १० प्रतिशत नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपुर्ति दिनुपर्ने उल्लेख छ । बाघ सिम्ले महभिर सडक (NCB/05/076-77) को निर्माण व्यवसायी शान्ती देवी एण्ड कन्स्ट्रक्शन प्रा.लि.सँग रु.१९९१३५२९।०१ मा सम्झौत गरेकोमा उक्त कार्य म्याद थप समेत २०७८।७।३० गते भित्र कार्यसम्पन्न गर्नुपर्नेमा २०७९।३।२३ मा कार्य सम्पन्न भएको पत्र पेश गरेको देखिएकोले २३२ दिन ढिला कार्य सम्पन्न भएकोले १० प्रतिशतले रु.१७६२२५९।०० पुर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्नेमा रु.१०४६७१०।०० मात्र असुल गरेको देखिएकोले नपुग रु.७१५५४९।०० असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,१५,५४९ |

५७ **भेरिएसन**

५७.१ **बढि परिमाणः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २(ख) बमोजिम भेरिएशन परिमाणको प्राविधि पुष्टयाई र कारण खुलाई गर्न सक्ने व्यवस्था छ। निर्माण कार्यको आइटमको बढी परिमाणको प्राविधिक पुष्टयाइ सहित कारण खोली भेरिएशन भएको देखिएन। बढी परिमाणको प्राविधिक पुष्टयाइ र कारण नखुलाउदा बढी मूल्यको सजिलो कार्यको बढी कार्य हुने र कम मूल्य र असजिलो कार्यको कार्य परिमाण घटी हुने अवस्था सृजना हुने भएकोले प्राविधिक पुष्टयाइ र कारण नखुलाएको विषयमा स्पष्ट गर्नुपर्दछ। बढी परिमाणको कार्य भएका कार्यको नमूना परीक्षण गरेकोमा देहायको खरिद कार्यमा बढी परिमाण कार्य भएकोमा प्राविधिक पुष्टयाई र कारण खुलाएको देखिएन। अतः बढी परिमाणको प्राविधिक पुष्टयाइ र कारण खोलि भेरिएशन नभएकोले नियमित देखिएन।

| | |
|---|---|
| अनियमित भएको | ८३,०५,६१९ |

**(विस्तृत विवरण बेरूजु अनुसूची ६ मा संलग्न छ ।)**

५७.२ **घटी परिमाणः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा उपनियम २(ख) बमोजिम भेरिएशन परिमाणको प्राविधि पुष्टयाई र कारण खुलाई गर्न सक्ने व्यवस्था छ। निर्माण कार्यको आइटमको बढी परिमाणको प्राविधिक पुष्टयाइ सहित कारण खोली भेरिएशन भएपनि घटेको परिमाणको प्राविधिक पुष्टयाई एवं कारण खुलाई भेरिएशन गरेको छैन। घटी परिमाणको प्राविधिक पुष्टयाइ र कारण नखुलाएको कारण बढी मूल्यको सजिलो कार्यको बढी परिमाण कम मूल्य र असजिलो कार्यको घटी कार्य हुने अवस्था सृजना हुने भएकोले प्राविधिक पुष्टयाइ र कारण नखुलाएको विषयमा स्पष्ट गर्नुपर्दछ। घटी परिमाण कार्य भएका कार्यको नमूना परीक्षण गरेकोमा देहायको खरिद कार्यमा घटी कार्य भएकोमा प्राविधिक पुष्टयाई र कारण खुलाएको देखिएन। अतः घटी परिमाणको प्राविधिक पुष्टयाइ र कारण खोली भेरिएशन नभएकोले नियमित देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ८०,३६,०३९ |

**(विस्तृत विवरण बेरूजु अनुसूची ७ मा संलग्न छ ।)**

५८ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| मिनि रङ्गशाला | ग्रीन डिजाइन सोलुसनसँग | १२४३००० | १२४३००० | ८७९३५४१७।१७ |
| जुगल गाउँपालिका प्रवेशद्वार | डि बि कन्सल्टेन्ट प्रा लि | २९४९३० | २९४९३० | ५७०७५९९।६८ |
| जम्माः | | | १५३३७९३० | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । बजेट कै हाराहारीमा खर्च भएकोले प्याकेज गरी प्रतिष्पर्धा गराई खर्च गर्नुपर्दछ ।

## ५९ म्याद ननाघेको पेश्कीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यस वर्ष निम्न निर्माण व्यवसायीलाई रु.८२९९६८७.०० पेश्की दिएको छ ।आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि नं | पेश्की मिति | भौ नं | योजना | पेश्की लिने | पेशकी रकम |
|---|---|---|---|---|---|
| १ | २०८०/०२/१६ | २४६ | गाउँपालिका प्रवेशद्वार निर्माण | विकास निर्माण सेवा | २,९९,६८७ |
| १ | | | १० शैया अस्पताल | महादेव खिम्ति । अन्जना टक्सार जे भि | ८०००००० |
| जम्मा | | | | | ८२९९६८७ |

## ६० सम्झौता भन्दा बढी पेश्की

६०.१ **पेश्की बढी दिएको:-** आर्थिक कार्यविधि तथा वित्तय उत्तरदायित्व नियमावली २०६४ को नियम ५१ बमोजिम सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा जुनसुकै व्यक्तीले यस नियमावलीमा तोकेको म्याद भित्र पेश्की

फछ्यौटका लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज समेत लगाइ असुल गर्नुपर्ने ब्यवस्था छ । त्यसै गरी निर्माण कार्य बापत निर्माण व्यवसायीलाइ सम्झौता रकमको मु अ कर बाहेकको रकममा पेश्की दिनुपर्ने र सम्झौताको GCC ५७.१बमोजिम प्रथम किस्तामा सम्झौताका बखत १० प्रतिशत र कार्य सुरु भए पश्चात १० प्रतिशत पेश्की दिने व्यवस्था छ । देहायको खरिद सम्झौतामा निर्माण व्यवसायीलाई प्रथम किस्ता पेश्की दिदा मुल्य अभिवृद्धि कर र प्रोभिजनल सम सहितको सम्झौता अंकको आधारमा पेश्की दिएकोले बढी पेश्की असुल हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु अनुसूची ८ मा संलग्न छ ।)**

६०.२ **बढी पेश्की:**JRM/NCB/14-2077-078 दश सैयाको अस्पतालको निर्माण व्यवसायी महादेव खिम्ती/ अन्जना/टक्सार जे भि लाई रु ७१४३८५१ दिनुपर्नेमा रु.८००००००.०० दिएकाले बढी पेश्की दिएको रकम रु.८५६१४९.०० असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५६,१४९ |

## ६१ सोझै खरिदः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ वमोजिम दश लाख रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य कोटेशनबाट तथा १० लाख देखि २० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य सिलबन्दी दरभाउपत्र आह्वान गरी गरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको योजनाको लागत अनुमान १० लाख र सो भन्दा वढी रहेको योजना कोटेशन समेत नलिइ खरिद गरी भुक्तानी गरेको छ । नियमावलीमा भएको व्यवस्थाको सिमा भन्दा वढी सोझै खरिद गरेको नियम सम्मत देखिएन ।

| भौचर नं | योजना | सप्लायर्स | भुक्तानी |
|---|---|---|---|
| ८९-०७९।८।१३ | सडक मर्मत | मिझ्रा सप्लायर्स एण्ड कन्स्ट्रक्सन | ८१४८४७ |
| ९०-०७९।८।१३ | सडक मर्मत | देव निर्माण सेवा | १०१५९६० |
| ८८-०७९।८।१३ | गुम्वा स्थित कातिकेबाटो सरसफाइ | मिझ्रा सप्लायर्स एण्ड कन्स्ट्रक्सन | ९९५४४५ |
| **जम्मा** | | | २८२६२५२ |

| | |
|---|---|
| अनियमित भएको | २८,२६,२५२ |

## ६२ प्रत्येक इकाईमा योगदान नभएकोः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३) (क१) बमोजिम साठी लाख रुपैया भन्दा बढि लागत अनुमान भएको कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान राखि सम्झौता गर्नुपर्ने उल्लेख छ। यस वर्ष उपभोक्ता समितिसँग सम्झौता भएका देहायका २ वटा सडक योजनाको लागत अनुमानको प्रत्येक ईकाईमा उपभोक्ता समितिले गर्नुपर्ने योगदान उल्लेख नगरी एकमुष्ठ लागत अनुमानको २० प्रतिशत अंश व्यहोर्ने गरी उपभोक्ता समितिसँग रु.१२१६१००५।०० बराबरको सम्झौता गरी रु.७४३११००।०० खर्च गरेको पाइयो। साठी लाख रुपैया भन्दा बढी लागत अनुमान भएका योजनामा उपभोक्ता समितिले इकाईगत योगदान नगरेमा खरिद संझौता गर्न मिल्ने देखिदैन। नियमवालीको प्रावधान बमोजिम सम्झौता नगर्दा उपभोक्ताको स्वामित्व र अपनत्व कमी हुने, आयोजनाको दिगोपना र गुणस्तरीयता न्यून हुने र मितव्ययी समेत नहुने देखिन्छ। अतः प्रत्येक इकाईमा उपभोक्ता समितिको अंश उल्लेख गरी संझौता गर्नुपर्ने र उपभोक्ता अशं नहुने भएमा योजना उपभोक्ता समिति मार्फत नगरी निर्माण व्यवसायीबाट प्रतिष्पर्धाका आधारमा गर्नुपर्दछ । प्रत्येक इकाइमा उपभोक्ताको अंश नखुलेका योजना देहाय अनुसार छनः

| भौ नं | योजनाको नाम | लागत अनुमान (मु.अ.कर वाहेक) | मुल्यांकन | भुक्तानी रकम |
|---|---|---|---|---|
| १९७ र ३५० | देवीथान बराम्ची दोमङ पोखरी सडक | ६००६०७१ | ३४१३८७२ | २५८११०० |
| २४३ | खुन्दुर्क गोल्चे सडक स्तरोन्नती | ६१५४९३४ | ६१६२२५३ | ४८५०००० |
| | जम्मा | १२१६१००५ | ९५७६१२५ | ७४३११०० |

६३ **वढी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ र १२३ वमोजिम सार्वजनिक निकायले बिल भुक्तानी गर्दा वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले निम्नानुसारको योजनाको भुक्तानी गर्दा वास्तविक कार्य तथा दररेट भन्दा वढी भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।.

| **भौचर र मिति** | **योजना** | **विवरण** | **योजनाको कुल भुक्तानी** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| २०६-०८०।२।१ | नेसाम खोला गोरेटो बाटो निर्माण | फुटपाथ निर्माण कार्यको लागी माटो काट्ने कार्यको ५२० घनमिटरको रु.५५६।२० का दरले भुक्तानी गरेको छ । पुरानो बाटो भएको जनाएकोले उक्त बाटोमा फुटपाथको लागि ढुंगा विछ्याउने कार्यको लागि ९०० स्टेपको १.५ मिटर लामो ०.३० मिटर चौडा र ०.२० उचाईको ८३.७० घनमिटरको रु.५५६.२० का दरलेभुक्तानी हुनुपर्नेमा ५२० घनमिटरको भुक्तानी | ४८५००० | १९४१३६ |

| | | | | |
|---|---|---|---|---|
| | | भएकोले ४३६.३० घनमिटरको रु.२४२६७०।०० वढी भुक्तानी भएको रकमको उपभोक्ताको २० प्रतिशत अंश कट्टा गरी रु.१९४१३६।०० असूल हुनुपर्ने | | |
| २०८-०८०।२।१ | सेतीदेवी मा वि घेरावाल निर्माण | Stone mesonary wall (1:6) निर्माण गर्न नम्स अनुसार ९१११.८१ को दरले भुक्तानी गर्नुपर्नेमा ५ फिट भन्दा वढी उचाईको भनि रु.१०३७९।०० का दरले भुक्तानी गरेकोमा उक्त पर्खाल गत विगतमा तलबाट उठाएको र यस वर्ष खेलमैदान स्तरबाट मात्र उठाएको देखिएकोले वढी दरमा भुक्तानी भएको रु.४८८१२।०० को उपभोक्ताको अंश कट्टा गरी वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने | | ३९०४९ |
| २१३।२०८०।२।१२ | श्री गौतम आ. बि को धारा निर्माण | सम्झौता अनुसार रु १९४००० भुक्तानी दिनुपर्नेमा रु २००००० भुक्तानी भएकोले बढी भुक्तानी असुल हुनुपर्ने | २००००० | ६००० |
| | | जम्मा | | २३९१८५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३९,१८५ |

६४ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

६५ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १२१-०७९।११।६ | याङलाकोट वर्थिङ सेन्टर निर्माण | भवन निर्माण | १०००००० |
| ३४९।०८०३।२३ | नेमलुङ भिमसेन मन्दिर उपभोक्ता समिति | मन्दिर निर्माण | १८००००० |
| १७०।२०७९।१२।१० | भाडावारी सामुदायिक भवन | भवन निर्माण | ८००००० |
| २२२।२०८०।२।३ | बर्थिङ सेन्टरमा कुरुवा कक्ष निर्माण | भवन निर्माण | ८००००० |
| २९६।२०८०।३।१० | लिदि सामुदायिक भवन | भवन निर्माण | १५००००० |
| ११।२०८०।१।२१ | स्याब्रो छोइलिङ गुम्बा | गम्बा निर्माण | १५००००० |
| १८।२०८०।३।१८ | सहिद स्मृति भवन | भवन निर्माण | १०००००० |
| २८।२०८०।३।१८ | तेम्बाथान स्वास्थ्य चौकी भवन निर्माण | भवन निर्माण | २०००००० |
| | **जम्मा** | | १,०४,००,००० |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

## ६६ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

## ६७ जनश्रमदान

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले ब्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्दछ ।

| **उपभोक्ता समिति र काम** | **सम्झौता रकम** | **कार्य सम्पन्न रकम** | **उपभोक्ताले व्यहोर्ने %** | **भुक्तानी** | **घटी अनुपातिक कट्टी रकम** |
|---|---|---|---|---|---|
| शेर्माथाङ याङलाकोट सडक | ४८१३०९३ | ३००३८८५ | २० | ३००३८८५ | ४९१७२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९१,७२० |

## ६८ पर्यटन प्रबर्द्धन

सिन्धुपाल्चोक जिल्ला स्थित जुगल हिमाल पर्वतारोहनका लागि खुल्ला भएको उपलक्ष्मा पालिकाले मिति २०७९।१२।२८ देखि २०८०।१।४ सम्म नेपेमाछाल प्रवर्द्धन कार्यक्रममा रु.१७१०३१५।०० खर्च व्यहोरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।

६८.१ टेकिङ सामग्री खरिद र व्यवस्थापनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को दफा २८ वमोजिम कार्यालयमा प्राप्त जिन्सी मालसामान ७ दिन भित्र जिन्सी आम्दानी बाध्नुपर्ने उल्लेख छ । उक्त कार्यक्रममा खरिद भएको निम्न सामानहरु पालिकामा जिन्सी आम्दानी नजानाएको वा वितरण गरेको भरपाई तथा हस्तान्तरण भएको नदेखिएकोले नियमित देखिएन ।

| सि नं | सामानको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|
| १ | ट्रेकिङ जुताहरु | १० | ९०४० | ९०४०० |
| २ | डाउन ज्याकेट | १२ | ९०४० | १०८४८० |
| ३ | ट्रेकिङ झोला | १० | ९६०५ | ९६०५० |
| ४ | हेड क्याप लाईट | २० | ५६५ | ११३०० |
| ५ | दुरासेल ब्याट्रि | १५ | ३३९ | ५०८५ |
| | जम्मा | | | ३११३१५ |

| | |
|---|---|
| अनियमित भएको | ३,११,३१५ |

६८.२ **पाहुनाको लागि हेलि व्यवस्थापनः** भ्रमण खर्च नियमावली २०६४ को नियम ४(१) वमोजिम सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो बाटो वा सवारी साधन प्रयोग गरी भ्रमण गर्नुपर्ने उल्लेख छ । उक्त कार्यक्रममा पूर्व सभापत्ति एवं संसद, संघिय सांसद तथा प्रदेश सांसद ज्यूहरुलाई सहभागी गराउन ५ पटक हेलिकप्टर प्रयोग भएको विल पेश गरे अनुसार रु.८०००००।०० खर्च गरेको देखिएकोले खर्चमा मितव्यीता अपनाएको देखिएन ।

६९ **पाइप वितरणः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले निर्माण सामग्री खरिद गरेपछि सोको प्रयोग गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले २ पटक गरी रु.४५८५२६७।०० को खानेपानी तथा सिंचाई पाइप खरिद गरी खर्च लेखेकोमा उक्त पाईप पालिकाको सेवाग्राही मागको आधारमा वितरण गरेको भरपाई पेश भएको छ ।सार्वजनिक निकायले योजना छनौट सामुहिक हितको आधारमा गर्नुपर्नेमा व्यक्तिलाई पाइप वितरण गर्नु औचित्यपूर्ण देखिदैन । पालिकाले विभिन्न साइजको पाइप खरिद जडान भएको प्रमाण पेश वेगर खर्च लेखेको परिमाण जडान भएको प्राविधिक प्रतिवेदन सहित नियमित हुनुपर्दछ ।

| सि नं | भौचर नं | सप्लायर्स | रकम |
|---|---|---|---|
| १ | २८७-०८०।३।१ | सुमेरु पोलिमर्स प्रा लि | ३९९५४४८ |
| २ | ३०९-०८०।३।१२ | सुमेरु पोलिमर्स प्रा लि | ५८९८१९ |
| | | जम्मा | ४५८५२६७ |

| | |
|---|---|
| अनियमित भएको | ४५,८५,२६७ |

७० **प्रमाण पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । पालिकाले निम्न कार्यक्रमको रु.११७२०००।०० खर्च लेखेकोमा उक्त खर्च पुष्टि हुने प्रमाण कागजात तथा सामग्रीहरुको जिन्सी आम्दानी बाधेको नदेखिएकोले प्रमाण कागजात पेश हुनुपर्दछ ।

| **भौचर नं** | **विवरण** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|
| ७५-०७९।४।२५ | प्रधानमन्त्री रोजगार कार्यक्रममा सामग्री खरिद वापत भुक्तानी | १००००० | विल भरपाई पेश नभएको |
| ७६-०७९।४।२५ | प्रधानमन्त्री रोजगार कार्यक्रममा सामग्री खरिद वापत भुक्तानी | १००००० | विल भरपाई पेश नभएको |

| | | | |
|---|---|---|---|
| ८७-०७९।७।२२ | विद्युत प्राधिकरण र अर्जुन पदम निर्माण सेवासँग भएको सिल कोटेशन मार्फत १५ लाखमा ढुवानी सहित सम्पूर्ण कार्य गर्ने गरी सम्झौता भएको देखिएकोमा पालिकाले पासाङ तामाङलाई अमानतमा ढुवानी खर्च दिएको | ३००००० | थप भाडा खर्च भुक्तानी गर्न मिल्ने प्रमाण पेश हुनुपर्ने |
| ९४-०७९।९।२६ | वडा नं १ सेलाङ्गमा विद्युतीकरण सामग्री ढुवानीवापत खर्च लेखेको | ६२००० | के के सामान ढुवानी भएको हो सोको जडान तथा विवरण पेश हुनुपर्ने |
| ९१-०७९।८।१५ | सेतिदेवी माध्यमिक विद्यालय पूर्वाधार निर्माण | २५०००० | |
| ३२५।२०८०।३।२० | भिमसेन मा.बि लाई विभिन्न सामान खरिद गरेको भनि बिल भुक्तानी गरेको | ३६०००० | थापा भाडा पसल एण्ड इन्टरप्राइजेज सक्कल बिल पेश नभएको |
| जम्मा | | ११७२००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,७२,००० |

७१ **अन्य निकायको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ वमोजिम एक निकाय अन्तर्गत विनियोजित रकम अर्को निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम सञ्चालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिबले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने उल्लेख छ। त्यस्तै पालिकाले कार्यक्रम खर्च गर्दा आफ्नो क्षेत्राधिकार तथा मातहतको कार्यालय वा निकायको खर्च मात्र व्यहोर्ने गरी खर्च गर्नुपर्दछ । पालिकाले निम्नानुसारको खर्च पालिका अन्तर्गत नभएको छुट्टै निकाय इलाका प्रहरी कार्यालयको खर्च भुक्तानी गरेको देखिएकोले उक्त खर्च रु.६४६१४०.०० नियम सम्मत देखिएन ।

| भौ नं | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ९२-०७९।९।२१ | संघ र प्रदेशको निर्वाचन २०७९ मंसिर ४ गतेको चुनावमा प्रहरीले वुथ ढुवानी गरेको खर्च भुक्तानी | ९६००० |
| १४५-०७९।११।२९ | इलाका प्रहरी कार्यालयको बा २ झ १२११ गाडी मर्मत गरेकोमा पालिकाले माँ मनोकामना अटो नेपाल र नेपाल अटो लिंक सेन्टरलाई भुक्तानी | ५५०१४० |
| जम्मा | | ६४६१४० |

| | |
|---|---|
| अनियमित भएको | ६,४६,१४० |

## ७२ उपभोक्ताले मेसिन प्रयोग

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यमा लोडर एक्साभेटर, डोजर जस्ता हेभि मेसिन प्रयोग गर्न नपाइने उल्लेख छ भने गर्नै पर्ने देखिएमा प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्नुपर्ने तथा उपभोक्ता समितिले पाएको कार्य निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नपाईने उल्लेख छ । माथि उल्लेखत उपभोक्ता समितिले पेश गरेको खर्चको बिल भरपाई परिक्षण गर्दा अधित्तम कार्य मेसिनबाट भएको तथा खरिदको बिलहरु पेश गरेको छ । उपभोक्ता समितिलाई श्रममुलक निर्माण कार्य गराउनु पर्नेमा मेसिन प्रयोग हुने कार्य तथा खरिदको अंश बढि भएको निर्माण कार्य उपभोक्त मार्फत गराएको देखिएकोले उक्त कार्य उपभोक्ता समितिले सब कन्ट्र्याकटरबाट गराएको अवस्था देखिन्छ । यस्तो प्रकृतिको कार्य बोलपत्रको माध्यबाट खरिद गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु अनुसूची ९ मा संलग्न छ ।)**

## ७३ बैठक भत्ताः

वागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ दफा ४ मा सदस्यको भत्ता सम्बन्धमा पदाधिकारीले मात्र पाउने व्यवस्था गरेको छ । यस जुगल गाउँपालिका ७ वटै वडामा कार्यरत सचिवहरुले मासिक ४ वटा वैठकको रु.१००० का दरले भत्ता बुझेको र निजहरुलाई बैठक भत्ता दिने व्यवस्था सुविधा कानूनले नदिएको एवं कर्मचारी भएकोले बैठक भत्ता असुल  गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,१४,२०० |

## ७४ हेरालू खर्चः

सडकको हेरालु राख्ने कार्यविधि स्वीकृत गरि कस्तो प्कारको सडकमा के कति दुरी हेर्ने गरि कति जनासम्म हेरालु राख्ने कार्यविधि वा मापदण्ड स्वीकृत नगरी सडक हेरालु १७जना राखी रु.१२५१०००.०० खर्च लेखेको देखियो । पिच सडक मात्र हेरालु राख्नुपर्नेमा कच्ची सडकमा समेत राखेकोले मापदण्ड बनाई खर्च नलेखेकोले खर्च नियमित देखिएन ।

## ७५ डेरी संचालन अनुदानः

गाउँपालिकामा यस आर्थिक वर्ष पशुपालन प्रवर्दनको लागि पालिका स्तरमा नाबेली ट्रेडिङ्गला व्यवसायीक समुहलाई चौरीपालन कार्यक्रम अन्तर्गत डेरीको सामग्री खरिद तथा दुध संकलन केन्द्र चिस्यान केन्द्र स्थापना गर्न रु. ९७९९७३.०० अनुदान दिएकोमा गरेको बिलभरपाइ पेश गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा निकासा

गरिएको अनुदान तथा डेरी सामग्री खरिद एवं चिस्यानकेन्द्र स्थापना गरेको कार्यसम्पन्न प्रतिवेदन एवं अनुगमन प्रतिवेदन समेत पेश नभएकोले उक्त प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७९,९७३ |

७६ **विमा व्यवस्थाः**

भ्रमण खर्च नियमावली २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई सरकारी कामको सिलिसलामा मुलुकभित्र वा बाहिर भ्रमण वा काज अवधिभर दुर्घटना बीमा शुल्क बापत बिल बमोजिमको रकम पाउने व्यवस्था छ । साथै संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीको रु. १० लाखको सामुहिक दुर्घटना बीमा दाबी पाउने व्यवस्था गरेको छ । उक्त व्यवस्था वाहेक पालिकाले छुट्टै यस बर्ष पालिकामा कार्यरत कर्मचारी करार समेत १०३ जना कर्मचारीको जीवन बिमा गरेको प्रिमियम रकम रु. ४९९०००.०० बिमा कम्पनीलाई भुक्तानी गरेकोले असुल हुनुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,९९,००० |

७७ **सवारी साधन भाडाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले गंगा एण्ड तोके कन्सट्रकशन संग मिति २०७९।२।६ गते सम्झौता बमोजिम रु.२०००००.०० (मु.अ.कर बाहेक) र सुमेश कन्सट्रकशनलाई सम्झौता बमोजिम प्रतिमहिना रु.२०००००.०० (मु.अ.कर बाहेक) सम्झौता २०७९ श्रावण १ देखि २०८० असार मसान्तसम्म प्रयोग गरेवापत भाडा रकम रु.४८०००००.०० र मुल्य अभिवृद्धि कर रु.६२४०००.०० समेत रु.५४२४०००।०० भुक्तानी गरेको छ । साथै भाडा वापत गरेको खर्च रकमले नयाँ ;सवारी साधन खरिद गर्न सकिनेमा सोको मुल्यांकन नगरी सार्वजनिक खरिद नियमावलीले तोकेको सिमा भन्दा बढीको सोझै खरिद गरेकोले नियम सम्मत देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ५४,२४,००० |

**७८ विपन्न परिवार विमाः**

निश्चीत कार्यविधि एवं मापदण्ड बेगर बिमा गरेकोले कार्यविधि र मापदण्ड बनाई लगत अद्यावधिक गरि कार्यक्रम संचालन गर्नुपर्दछ। गाउँपालिकाले आयोजना गरेका विभिन्न कार्यक्रमहरु दिर्घकालिन तथा जनता केन्द्रीत हुनु पर्दछ । सहिद अति विपन्न घाइते आन्दोलन पिडित भनेर गरिएका कार्यक्रमा निजहरु सोहि प्रकृतिको हो भनि लगत अध्यावधिक गरि राख्नुपर्नेमा सहिद, गरिव, विपन्न, आन्दोलन पिडित कति संख्या रहेका छन सोको विवरण अध्यावधिक गरेको पाइएन । लक्षित परिवारका लागि पालिकाले रु.४९६३३८.०० बिमा वापत खर्च गरेको छ । लक्षित परिवार एकिन गर्ने मापदण्ड स्वीकृत गरी बिमा संचालन गर्नुपर्दछ ।

**७९ जिन्सी दाखिला र वितरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ (१) बमोजिम कार्यालय प्रमुखले खरिद गरि प्राप्त गरेको जिन्सी मालसामान जिन्सी किताबमा ७ दिन भित्र आम्दानी बाधि लगत अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसै गरि नियम ३९ ५ बमोजिम खर्च लेख्दा खर्चका बिल भर्पाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गुगल म्याप र पर्यटन बुकलेटमा रु १०००००० ट्याकिङ म्याप रु ५००००० र डकुमेन्ट्री १ थान रु १०००००० गरी रु.२५०००००० मा खरिद गरेकोमा जिन्सी दाखिला नभएको र वितरण गरेको भरपाई नभएकोले सोको प्रमाण पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नभएको | २५,००,००० |

**८० न्यायिक समिति बैठक भत्ताः**

वाग्मती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सम्वधन्धी सम्बन्धी ऐन २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भए अनुसार अनुसुचि २ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था छ ।न्यायिक समितका पदाधिकारीले पाउने सुविधा न्यायिक सहजकर्ता श्री सुरज ढकालले सो सुविधा नपाउने हुदा असुल गर्नुपर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,७०० |

**८१ गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, दफा ३९(१५) तलब, महंगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक खाद्दन औषधी उपचार बिरामी र बन्दी सिधा, सेवा निवृत्त सुविधा तथा स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म, संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमका रकम भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक बर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको भुक्तानी यस वर्ष दायित्व सारेर भुक्तानी गरेको छ । चालु प्रकृतिको नियमावलीमा उल्लेख शिर्षक र अन्य शिर्षक समेत रु.१,११,७४,२२१।०० भुक्तानी गरेको छ । देहायको खर्च गाउसभाले निर्णय गरि भुक्तानी गरेकोले चालु प्रकृतिको खर्च सोहि आर्थिक वर्षमा खर्च गरि दायित्व सार्नु उचित देखिएन । सम्बन्धित वर्षमा भूक्तानी हुने गरी बजेट व्यवस्था गर्ने र समयमा कार्य सम्पन्न गर्नुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान: जुगल गाउँपालिका, सिन्धुपाल्चोक , जुगल गाउँपालिका , सिन्धुपाल्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लोक बहादुर बि.क | २०७९-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | साइमन पन्त | २०७९-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,२३६,३०६ | ४०,४५९,९१० | १९,१४१,७९२ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६४,८३८,००८ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६४,८३८,००८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | २९२८५२३३३ |
|---|---|
| **आम्दानी** | **खर्च** |

| | | | |
|---|---|---|---|
| **संघीय सरकारबाट अनुदान** | ३४६९६५००० | **चालु खर्च** | ५२९८७८३१२ |
| **प्रदेश सरकारबाट अनुदान** | ७१४३७००० | **पूँजीगत खर्च** | २५७१९३६६७ |
| **राजश्व बाँडफाँट** | ११८०१०७४२ | **वित्तीय/अन्य व्यवस्था** | ५०६१९३१९ |
| **आन्तरिक आय** | २९७३५०२१ | | |
| **अन्य आय** | ११५७०३६०५ | | |
| **कुल आय** | ६८१८५१३६८ | **कुल खर्च** | ८३७६९१२९८ |
| **बाँकी मौज्दात** | | १३७०१२४०३ | |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण- अनुसूची-२**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ७१,२२,४९,३४०.५३ | ४५,४८,३८१.१८ | | ४५,४८,३८१.१८ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ७०,०८,१७,२६५.०२ | ० | ० | ० |
| ११००० कर | ११ | ११,८२,४०,१८२.०० | ० | ० | ० |
| १३००० अनुदान | | ४१,७९,९९,०००.०० | ० | ० | ० |
| संघीय सरकार | १२ | ३३,९६,६१,०००.०० | ० | ० | ० |
| प्रदेश सरकार | १२ | ७,८३,३८,०००.०० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | १८,७०,०००.०० | ० | ० | ० |
| १५००० विविध प्राप्ति | | १०,००,०००.०० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | १६,१७,०८,०८३.०२ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,१४,३२,०७५.५१ | ४५,४८,३८१.१८ | | ४५,४८,३८१.१८ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १,१४,३२,०७५.५१ | ० | ० | ० |
| धरौटी | | ० | ४५,४८,३८१.१८ | ० | ४५,४८,३८१.१८ |

| | | | | | |
|---|---|---|---|---|---|
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ७१,२२,४९,३४०.५३ | ४१,९०,४८,९७८.६६ | | ४१,९०,४८,९७८.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७०,०८,१७,२६५.०२ | ४१,४२,११,०९३.४९ | | ४१,४२,११,०९३.४९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २,२२,२८,०००.०० | १,०२,९०,६८८.८० | ० | १,०२,९०,६८८.८० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ६,२८,३८,०००.०० | ४,३१,२९,०५६.४६ | ० | ४,३१,२९,०५६.४६ |
| २५००० सहायता (Subsidy) | १८ | ५,३९,५२,०००.०० | २,९१,४१,१९९.०३ | ० | २,९१,४१,१९९.०३ |
| २६००० अनुदान | १८ | १९,४१,४५,०००.०० | १६,०६,२६,४३४.२५ | ० | १६,०६,२६,४३४.२५ |
| २७००० सामाजिक सुरक्षा | १८ | १,७३,२४,१८२.०० | ४९,२७,७५७.०० | ० | ४९,२७,७५७.०० |
| २८००० अन्य खर्च | १८ | ७७,००,०००.०० | २६,२६,८४९.२० | ० | २६,२६,८४९.२० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३४,२६,३०,०८३.०२ | १६,३४,६९,१०८.७५ | ० | १६,३४,६९,१०८.७५ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,१४,३२,०७५.५१ | ४८,३७,८८५.१७ | | ४८,३७,८८५.१७ |
| कोषहरु | | १,१४,३२,०७५.५१ | ३४,५१,५४३.०० | ० | ३४,५१,५४३.०० |
| धरौटी | | ० | १८,३२,४२२.५९ | ० | १८,३२,४२२.५९ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (४,४६,०८०.४२) | | (४,४६,०८०.४२) |
| ङ. यो वर्षको बचत (न्युन) | | | (४१,४५,००,५९७.४८) | | (४१,४५,००,५९७.४८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,६७,०८,४८१.४६ | | १,६७,०८,४८१.४६ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | (३९,७७,९२,११६.०२) | | (३९,७७,९२,११६.०२) |

| | | | | | |
|---|---|---|---|---|---|
| बैंक तथा नगद बाकी | २४ | | (३९,७३,७७,४९०.२५) | | (३९,७३,७७,४९०.२५) |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण- अनुसूची -३

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| १ | **गत वर्षको जिम्मेवारी** | २९२८५२३३३ | १ | **चालु खर्च** | |
| | क) नगद | | | **SUTRA को खर्च** | ४२६३११००० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | | **CGAS को खर्च** | १०३५६७३१४ |
| | क) आन्तरिक राजस्व | २९७३५०२२ | २ | **पूँजीगत खर्च** | |
| | ख) राजस्व बाँडफाँड | ११८०१०७४२ | | **SUTRA को खर्च** | २४९१९३६६७ |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | | | **CGAS को खर्च** | ८००००० |
| | क) वित्तीय समानीकरण अनुदान | ११०६३०००० | ३ | **धरौटी फिर्ता** | ३३४३३६५ |
| | ख) सशर्त अनुदान | २१४८३५००० | ४ | **शसर्त अनुदान फिर्ता** | ४७२७५९५४ |
| | ग) समपूरक अनुदान | ७०००००० | ५ | **कोष फिर्ता** | |
| | घ) विशेष अनुदान | १४५००००० | ६ | **मौज्दात** | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | क) बैंक मौज्दात | १२७६६४२८४ |
| | क) वित्तीय समानीकरण अनुदान | ११३६६००० | | ख) नगद मौज्दात | |
| | ख) सशर्त अनुदान | २५२२९००० | ७ | **धरौट मौज्दात** | ९३४८११९ |
| | ग) समपुरक अनुदान | २९९६७००० | | | |
| | घ) विशेष अनुदान | ४८७५००० | | | |
| ५ | **विषयगत निकायबाट प्राप्त** | | | | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | १०३५६७३१४ | | | |
| | एकिकृत स्वास्थ्य पुर्वाधार | ८०००००० | | | |
| ६ | **धरौटी आय** | ३६९०२११ | | | |
| ७ | **दाखिला गर्न वाँकी कर** | ४४६०८० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | ९७४७०३७०२ | | **जम्मा** | ९७४७०३७०२ |

## बेरूजु दफा ४९ सँग सम्बन्धित विवरण- अनुसूची-४

| क.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | जम्मा दरबन्दी | प्रावि जम्मा दरबन्दी | निमावि जम्मा दरबन्दी | मावि जम्मा दरबन्दी | अन्य तरिकाले पद पुर्ती | जम्मा शिक्षक | पदपूर्तिमध्ये करार | विद्यार्थी संख्या | विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्वीकृत | स्वीकृत | स्वीकृत | | | | | |
| 1 | कुनेगाउँ आ.वि. | १—३ | १ | १ | ० | ० | ० | १ | १ | १६ | १६ |
| 2 | सिङ्गेश्वरी आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | २ | ३६ | १८ |
| 3 | नागराजा आ.वि. | १—८ | ५ | ५ | ० | ० | २ | ९ | ४ | १८७ | २१ |
| 4 | गोरखनाथ आ.वि. | १—३ | ० | ० | ० | ० | ० | ० | ० | ७ | ० |
| 5 | सेलाङ आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | ० | ३८ | १९ |
| 6 | पाँचपोखरी आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | १ | २५ | १३ |
| 7 | देउराली आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | ० | ४५ | २३ |
| 8 | सेलाङ मा.वि. | १—१० | ८ | ४ | ३ | २ | १ | ११ | ८ | ३०० | २७ |
| 9 | निम्लुङ आ.वि. | १—५ | ३ | ३ | ० | ० | ० | ३ | ० | ८१ | २७ |
| 10 | घ्यूलदेवी आ.वि. | १—८ | ५ | ५ | ० | ० | १ | ७ | ४ | १५७ | २२ |
| 11 | सिन्दुर्चे आ.वि. | १—३ | १ | ० | ० | ० | ० | ० | ० | ३ | ० |
| 12 | सातकन्या आ.वि. | १—८ | ४ | ४ | ० | ० | १ | ६ | ३ | १२५ | २१ |
| 13 | घ्यूलदेवी आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | ० | ४८ | २४ |
| 14 | सोलेथाना आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | १ | ५७ | २९ |
| 15 | जुगल आ.वि. | १—५ | २ | २ | ० | ० | ० | २ | ० | ३३ | १७ |
| 16 | भीमसेन मा.वि. | १—१० | ८ | ६ | २ | ० | ४ | १६ | ८ | ३५२ | २२ |
| 17 | क्याब्लुङथाङ आ.वि. | १—८ | ५ | ६ | ० | ० | २ | १० | ६ | २१७ | २२ |
| 18 | तेम्बाथाङ आ.वि. | १—५ | ३ | ३ | ० | ० | ० | ३ | ३ | ८२ | २७ |
| 19 | गोण्डेगाउँ आ.वि. | १—३ | १ | १ | ० | ० | ० | १ | १ | ३१ | ३१ |
| 20 | क्याङसिङ आ.वि. | १—३ | १ | १ | ० | ० | ० | १ | ० | २१ | २१ |
| 21 | बोल्दे आ.वि. | १—८ | ४ | ५ | ० | ० | २ | ९ | ३ | २३७ | २६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 22 | सेतीदेवी मा.वि. | १—१० | ७ | ६ | १ | १ | २ | १२ | ६ | २५१ | २१ |
| 23 | ब्रम्हायणी आ.वि. | १—५ | ३ | ३ | ० | ० | ० | ३ | १ | ५२ | १७ |
| 24 | नवज्योती आ.वि. | १—३ | ० | ० | ० | ० | ० | ० | ० | ७५ | ० |
| 25 | आदर्श आ.वि. | १—५ | ३ | ३ | ० | ० | ० | ३ | २ | ७० | २३ |
| 26 | गौतम आ.वि. | १—५ | ३ | २ | ० | ० | ० | २ | ० | ५० | २५ |
| 27 | डल्लेपोखरी आ.वि. | १—८ | ५ | ५ | ० | ० | २ | ९ | ५ | ७५ | ८ |
| 28 | कालीदेवी मा.वि. | १—१२ | १० | ४ | ३ | ३ | १ | १२ | ८ | २४३ | २० |
| 29 | भुमेश्वरी आ.वि. | १—५ | २ | १ | ० | ० | ० | १ | १ | १३ | १३ |
| 30 | सिङ्गमाई आ.वि. | १—३ | १ | ० | ० | ० | ० | ० | ० | ४ | ० |
| 31 | दोबङपोखरी आ.वि. | १—८ | ५ | ५ | ० | ० | २ | ९ | ३ | १५२ | १७ |
| 32 | सेतीदेवी मा.वि. | १—१० | ८ | ५ | २ | १ | २ | १२ | ८ | २०४ | १७ |
| 33 | रत्नराज्य मा.वि. | १—१२ | १९ | ५ | ४ | ९ | १ | २० | १५ | ४८७ | २४ |
| 34 | रामेश्वर मा.वि. | १—१० | १० | ८ | २ | ० | ४ | १८ | १० | ३३९ | १९ |
| 35 | आधारभूत विद्यालय | १—५ | २ | ३ | ० | ० | ० | ३ | १ | ७४ | २५ |
| 36 | कालीदेवी आ.वि. | १—५ | ३ | ३ | ० | ० | ० | ३ | २ | ६४ | २१ |
| 37 | जुगल मा.वि. | १—१० | ४ | ५ | ० | ० | २ | ९ | ४ | १८६ | २१ |
| 38 | वनकालीदेवी मा.वि. | १—१० | ६ | ५ | १ | ० | ३ | १२ | ५ | ११९ | १० |
| 39 | सिद्धार्थ आ.वि. | १—३ | १ | ० | ० | ० | ० | ० | ० | ८ | ० |
| 40 | कलंशा आ.वि. | १—३ | १ | २ | ० | ० | ० | २ | ० | ७६ | ३८ |
| 41 | पञ्चकन्या आ.वि. | १—८ | ४ | ५ | ० | ० | २ | ९ | ५ | १७० | १९ |
| 42 | जलदेवी मा.वि. | १—१० | ११ | ६ | ३ | २ | २ | १५ | १० | ४३४ | २९ |
| 43 | तिलुम्राङ बाविके | | | ० | ० | ० | ० | | | २० | ० |
| 44 | ज्ञानज्योती बाविके | | | ० | ० | ० | ० | | | ३० | ० |
| 45 | लोकशान्ति बाविके | | | ० | ० | ० | ० | | | १७ | ० |
| | | | १७१ | १३४ | २१ | १४ | ३६ | २४५ | १३१ | ५३११ | २२ |

**बेरूजु दफा ४८ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| भौ च न। मिति | कामको विवरण | निर्माण व्यवसायी स्थायी ले न | बिजक नं मिति | भुक्तानी रकम मिति | मु अ कर रकम | ३० प्रतिशत मू.अ.कर | फरक | नन फाइलर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | मिति |
| ३३१-<br>०८०।३।२० | खुन्द्रुक गोल्चे सडक स्तरोन्नती | शक्तिमाता कन्सट्रक्सन एण्डसप्लार्स ६०६७८७४४६ | १२।२०८०।१।१२ | २२९१६४ | २६३६४ | ७९०९ | १८४५५ | २०७९।M।७ |
| २६-<br>०८०।३।१९<br>३२८-<br>०८०।३।१८ | गोन्डेगाउ पाङगाराको सडक स्तरोन्नती | लक्ष्मी कन्सट्रकशन ६०५५२२१२९ | ००७।२०७९।३।२१ | १३७७३७४३ | १५८४५८९ | ४७५३७७ | ११०९२१२ | २०७९।M।४ |
| ६४-<br>०७९।४।२३ | सिस्नेरी चनौटे वाङ्गुजे सडक स्तरोन्नती | मिङ्मा सप्लायरर्स एण्ड कन्सट्रकसन प्रा लि रिना जे भि ६१७१९४५३८ | ०७।०७९।३।२१ | ६२३९१७७ | ७९७७८१ | २१५३३४ | ५८२४४७ | २०७९।M।११ |
| ३०५-<br>०८०।३।१२ | सिस्नेरी चनौटे वाङ्गुजे सडक स्तरोन्नती | मिङ्मा सप्लायरर्स एण्ड कन्सट्रकसन प्रा लि रिना जे भि ६१७१९४५३ | ३।२०८०।३।१ | ९९७७८० | ११४७८९ | ३४४३७ | ८०३५२ | २०७९।M।११ |
| | | जम्मा | | | | | १७९०४६५ | |

## बेरूजु दफा ५७.१ सँग सम्बन्धित विवरण-अनुसूची-६

| आईटम नं. | शुरु बि.ओ.क्यू. परिमाण | भुक्तानी परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| ठेक्का नम्बरः JRM/NCB/4/078-79 निर्माण व्यावसायीः श्री मिङ्मा सप्लायर्स एण्ड कन्सट्रक्सन.रिना कन्सट्रक्सन जे. भी कार्य विवरणः सिस्नेरी चनौटे वाङ्गुचे सडक स्तरोन्नती | | | | | |
| ११ | १५०८.७५ | २०६०.५ | ५५१.७५ | ३१०० | १७१०४२५ |
| जम्मा | | | | | |
| ठेक्का नम्बरः JRM/NCB/works/ ६ /207 ९ -8 ० निर्माण व्यावसायीः आर . पी . कन्सट्रकसन कार्य विवरणः सुनखोला घुङा पाताङ सडक स्तरोन्नती | | | | | |
| ५ | १२४५ | १९५१.५५ | ७०६.५४५ | ७० | ४९४५८.१५ |
| ८ | ३२०.६ | ४७०.१८ | १४९.५७६८ | २००० | २९९१५३.६६७ |
| ९ | ७७.७ | ४५८.०८ | ३८०.३७८८ | ४५०० | १७११७०४.६१ |
| १० | ९१७ | १०९० | १७३ | २८०० | ४८४४०० |
| ११ | २४८.४ | ३१६.७९ | ६८.३८८६७ | ६२०० | ४२४००९.७३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | १४ | २५ | ११ | ८००० | ८८००० |
| १३ | ५४ | १०९.८ | ५५.७९८२५ | ५५०० | ३०६८९०.३७५ |
| जम्मा | | | | | ३३६३६१६.५४ |
| ठेक्का नम्बरः JRM/NCB/WORKS/8/079-80 निर्माण व्यावसायीः जुगल हिमशिखर. गोल्मादेवी जे भि कार्य विवरणः Construction of Chanautey Water Supply Scheme II | | | | | |
| १ | १८०.१ | १९२.८१ | १२.७१ | ४५ | ५७१.९५ |
| २ | ३६८८.५५४५ | ३८७१.२४ | १८२.६९ | ५०० | ९१३४४ |
| ७ | १९.९२ | २२.९ | २.९८ | ९००० | २६८३८ |
| १२ | १०१८.०८ | १६८३.५८ | ६६५.५ | १४४ | ९५८३२.१२ |
| १८ | ६८.९५ | ७५.७२ | ६.७७ | ६३० | ४२६१.९५ |
| २० | ११८.७८ | ३०१.३६ | १८२.५८ | ७२० | १३१४५७.६ |
| २३ | १ | २ | १ | २७००० | २७००० |
| ३० | १४० | १६० | २० | १२६० | २५२०० |
| ३५ | २७५० | ३२५० | ५०० | ६७.५ | ३३७५० |
| ३६ | ४१९.१ | ४५० | ३०.९ | ९० | २७८१ |
| ३७ | ३२१.२ | ३५० | २८.८ | १०८ | ३११०.४ |
| ३८ | ४०.७ | ५० | ९.३ | २२५ | २०९२.५ |
| ४१ | १२७.६ | ३५० | २२२.४ | १३५ | ३००२४ |
| ४२ | ५२८.५ | ६०० | ७१.५ | २२५ | १६०८७.५ |
| ४५ | ११२ | २१८ | १०६ | १३५० | १४३१०० |
| जम्मा | | | | | ६३७७१२.९ |
| ठेक्का नम्बरः JRM/NCB/works/4/2077-78 निर्माण व्यावसायीः गोल्मादेवी - इन्जिनियरिङ कन्सट्रकशन प्रा ली कार्य विवरणः Upgrading Baikunthe Nampha Sanchagaun Road | | | | | |
| ४ | १०३०० | ११३२५ | १०२५ | २०० | २०५००० |
| ७ | ४०५ | ५३६.२५ | १३१.२५ | २४०० | ३१५००० |
| १० | १७४६ | १७७४ | २८ | ४५०० | १२६००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | २०७.७५ | २४९.४५ | ४१.७ | ९८०० | ४०८६६० |
| १३ | ५४ | ६३.५२ | ९.५२ | ९५०० | ९०४४० |
| | | | | | ११४५१०० |
| ठेक्का नम्बरः निर्माण व्यावसायीः Golmadevi Engineering and construction Pvt Ltd कार्य विवरणः Upgrading Baikunthe Nampha Sanchagaun Road | | | | | |
| ४ | ९२०० | १५७६६ | ६५६६ | ७० | ४५९६२० |
| ६ | ४४०४ | ६३०० | १८९६ | १२ | २२७५२ |
| ९ | २०३.४४ | २१६.९८ | १३.५३७ | ५००० | ६७६८५ |
| १० | १०९७ | १३६१ | २६४ | ३५०० | ९२४०० |
| ११ | ३२५ | ३२९.५३ | ४.५२५ | ५७५० | २६०१८.७५ |
| १४ | ६.८२ | १२.६ | ५.७८ | १३५०० | ७८०३० |
| १५ | ४८२.१९ | ९८९.१ | ५०६.९१ | ११८ | ५९८१५.३८ |
| | | | | | ८०६३२१.१३ |
| ठेक्का नम्बरः JRM/NCB/works/3/2077-78 निर्माण व्यावसायीः Siddhartha Nirman Sewa कार्य विवरण बाघ सिम्ले महाबिर सेलाङ सडक | | | | | |
| ४ | ३४१२ | ३८८० | ४६८ | ५० | २३४०० |
| ५ | ७९१ | ८३२.७ | ४१.७ | १०० | ४१७० |
| ६ | २२०२ | ५३९० | ३१८८ | १०० | ३१८८०० |
| ८ | १६२.३ | २०४.३४ | ४२.०४ | २००० | ८४०८० |
| ९ | ७८.७५ | १२०.२४ | ४१.४९ | ४५०० | १८६६९३.२ |
| १३ | ९ | १४.०६ | ५.०६ | ५००० | २५३०० |
| जम्मा | | | | | ६४२४४३.२ |
| कुल जम्मा | | | | | ८३०५६१८।७७ |

**बेरूजु दफा ५७.२ सँग सम्बन्धित विवरण- अनुसूची-७**

| आईटम नं. | शुरु बि.ओ.क्यू. परिमाण | भुक्तानी परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| **ठेक्का नम्बरः** JRM/NCB/4/078-79 **निर्माण व्यावसायीः** श्री मिझ्मा सप्लायर्स एण्ड कन्सट्रक्सन।रिनाकन्सट्रक्सन जे. भी **कार्य विवरणः** सिस्नेरी चनौटे वाङ्गुले सडक स्तरोन्नती | | | | | |
| ४ | ९११० | ८६७७।५० | -४३२।५ | ३० | -१२९७५ |
| ५ | १७७० | १५०० | -२७० | ३० | -८१०० |
| ८ | १५०० | १२६२।७५ | -२३७।२४८ | ९०० | -२१३५२२।७५ |
| ९ | २५०।०१ | २३९।८३ | -१०।१८१७ | ४०० | -४०७२६।७५ |
| १० | ५६४ | ४६२ | -१०१।८०८ | १७०० | -१७३०७२।७५ |
| १२ | ६०० | ३७३।२२ | -२२६।७८ | ५००० | -११३३९०० |
| १३ | २३० | २१३।९६ | -१६।०४२ | ५००० | -८०२१० |
| १५ | ६९ | ५८।८८ | -१०।१२३६ | ९००० | -९१११२।६२५ |
| १६ | ३३०४।८ | ३३०० | -४।८ | १०० | -४८० |
| | | | | | |
| **जम्मा** | | | | | **१७५४०९९।८७५** |
| **ठेक्का नम्बरः JRM/NCB/works/10/2077-78 निर्माण व्यावसायीः** Dhital Nirman Sewa **कार्य विवरणः** Upgrading Badsimley mahavir dharapani Road | | | | | |
| ४ | १२९८४।६ | १२१९५।१६ | -७८९।४४२ | ५० | -३९४७२।१ |
| ६ | १६०० | ००० | -१६०० | १५ | -२४००० |
| ७ | २८५ | ८८।२ | -१९६।८ | ८०० | -१५७४४० |
| ८ | ३२४ | १२८।१७ | -१९५।८२९ | २००० | -३९१६५९ |
| १० | ३५।३ | ००० | -३५।३ | ६५०० | -२२९४५० |
| ११ | १६४ | १६१।०९ | -२।९०९६२ | ५५०० | -१६००२।९ |
| | | | | | |
| **जम्मा** | | | | | ८५८०२४ |
| **ठेक्का नम्बरः JRM/NCB/works/6/2077-78 निर्माण व्यावसायीः** आर .पी .कन्सट्रकसन **कार्य विवरणः** सुनखोला घुङा पाताङ सडक | | | | | |
| ४ | ९७७७ | ९००० | -७७७ | ९० | -६९९३० |
| ६ | २२०२ | ५२५ | -१६७७ | ५० | -८३८५० |
| ७ | ४०५ | १२० | -२८५ | १९०० | -५४१५०० |
| १४ | २०४।४५ | २८।१३ | -१७६।३२५ | ६५०० | -११४६११२।५ |
| १५ | १४४४४ | २२०७।८१ | -१२२३६।२ | ११५ | -१४०७१६१।५६ |
| | | | | | ३२४८५५४।०४ |

| आईटम नं. | शुरु बि.ओ.क्यू. परिमाण | भुक्तानी परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| **ठेक्का नम्बरः JRM/NCB/WORKS/8/079-80 निर्माण व्यावसायीः कार्य विवरणः** Construction of Chanautey Water Supply Scheme II | | | | | |
| **३** | ५१६९।२६२५ | ३७८६।७३ | -१३८२।५३ | १५० | -२०७३७९।५ |
| ४ | २२।०६५ | १४।१२ | -७।९४ | ३६०० | -२८६००।२ |
| **११** | १८।८१४ | १८।१९ | -०.६२ | २१६०० | -१३४१२।५२ |
| **१३** | १६६।०८ | १२९।१४ | -३६।९४ | १०८० | -३९८९५।२ |
| **१५** | ६४ | २४ | -४० | २७०० | -१०८००० |
| **१६** | ४ | ३ | -१ | २७००० | -२७००० |
| **२५** | १ | ० | -१ | २७००० | -२७००० |
| **२८** | १ | ० | -१ | १८००० | -१८००० |
| **३२** | ४० | २४ | -१६ | २७०० | -४३२०० |
| **३४** | २७८।३ | २२०।५० | -५७।८० | ४५० | -२६०१० |
| **३९** | २८२०।४ | २७०० | -१२०।४० | ३१५ | -३७९२६ |
| ४० | ३८५ | २५० | -१३५ | ९० | -१२१५० |
| **जम्मा** | | | | | ५८८५७३।४२ |
| **ठेक्का नम्बरः निर्माण व्यावसायीः** गोल्मादेवी-इन्जिनियरिङ कन्सट्रकशन प्रा ली **कार्य विवरणः** Upgrading Baikunthe Nampha Sanchagaun Road | | | | | |
| **५** | २८२० | १५०२ | -१३१८ | ३०० | -३९५४०० |
| **६** | २२०२ | ३१५ | -१८८७ | ३० | -५६६१० |
| **८** | २९२।४ | २६४।२३ | -२८।१७ | ३४०० | -९५७६६।७ |
| **९** | ८८।२ | ५७।३८ | -३०।८३ | १०००० | -३०८२५० |
| **१२** | ८ | ० | -८ | ९००० | -७२००० |
| **१४** | ३०।४५ | २४ | -६।४५ | १३००० | -८३८५० |
| **१५** | २१५१।२९ | १८८४ | -२६७।३ | १४० | -३७४२०।६ |
| | | | | | १०४९२९७।३ |
| **ठेक्का नम्बरः JRM/NCB/works/4/2079-80 निर्माण व्यावसायीः** Golmadevi Engineering and construction Pvt Ltd **कार्य विवरणः** Upgrading Baikunthe Nampha Sanchagaun Road | | | | | |
| **५** | २९१४ | २६१०।७२ | -३०३।५२८ | ७० | -२१२४६।९६ |
| **७** | ७४२।५ | ४०५ | -३३७।५ | २४०० | -८१०००० |
| **८** | ३४१।३ | २८५।०४ | -५६।२६४ | २००० | -११२५२८ |
| **१३** | १२६ | ३६।३२ | -८९।६८२ | ८३०० | -७४४३६१ |

| आईटम नं. | शुरु बि.ओ.क्यू. परिमाण | भुक्तानी परिमाण | फरक परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| | | | | | १६८८१३५।९६ |
| **ठेक्का नम्बरः JRM/NCB/works/3/2079-80 निर्माण व्यावसायीः** Siddhartha Nirman Sewa **कार्य विवरणः बाघ सिम्ले महाबिरे सोलाङ सडक** | | | | | |
| १० | ७६६।५ | ७१७ | -४९।५ | २८०० | -१३८६०० |
| ११ | ६०।५ | ५२।८ | -७।७ | ४००० | -३०८०० |
| १२ | २१ | ० | -२१ | ३००० | -६३००० |
| १४ | २४४।७३ | २३३।०२ | -११।७१२५ | ९००० | -१०५४१२।५ |
| १५ | १७२८९।८२ | १४६३३।५० | -२६५६।३२ | १०० | -२६५६३२।१ |
| **कुल जम्मा** | | | | | ६०३४४४।६ |

## बेरूजु दफा ६०.१ सँग सम्बन्धित विवरण - अनुसूची -८

| ठेक्का नं र आ व | कार्यको विवरण | निर्माण व्यावसायी | सम्झौता रकम (मु अ कर र पि एस) समेत | सम्झौता रकम (मु अ कर र पि एस) बाहेक | पेश्की लिएको मिति | पेश्की फछ्यौट मिति | पेश्की दिन मिल्ने | पेश्की दिएको रकम | पेश्की बाकि रकम | बढी पेश्की रकम | अवधी | सुद रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| JRM/NCB/5-2079-080 | गोन्डेगाउ पाङगाराबु सडक स्तरोन्नती | लक्ष्मी कन्सट्रकसन चौतारा | १९३५८२५१ | १६९९५२०० | ०७९।११।२९ | २०८०।३।१८ | १६९९५२० | १९३५८२५ | ० | २३६३०५ | ११० दिन | ७१२१ |
| JRM/NCB/14-2077-078 | दश सैयाको अस्पताल निर्माण | माहादेव खिम्ती / अन्जना/टक्सार जे भि | ८१०८८५५२२ | ७१४३८५१५ | ०८०।३।२४ | ० | ७१४३८५१ | ८०००००० | ८००००००० | ८५६१४९ | | |
| JRM/NCB/8-२०७९-०८० | चनौटे खानेपानी योजना | जुगल हिमसिखर / गोल्मादेवी | ९५४३८९६ | ८३०८७५७ | ०८०।१।२१ | ०८०।२।१० | ८३०८७५ | ९५४३८९ | ० | १२३५१४ | २० दिन | ६७६ |
| | जम्मा | | ८३९७८७६६९ | ९६७४२४७२ | | | ९६७४२४६ | १०८९०२१४ | ८००००००० | १२१५९६८ | | ७७९७ |

## बेरूजु दफा ७२ सँग सम्बन्धित विवरण - अनुसूची -९

| भौ नं | योजनाको नाम | लागत अनुमान | मुल्यांकन | सप्लायर्स | विल रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १०६ | पाटीचौर ओम सडक | १२०४९३४ | १२४०७०० | मिझ्मा सप्लायर्स एण्ड कन्सट्रक्सन ( जेसिबी ) | ५४९४६२ | ९७०००० |
| | | | | सुनकोशी आयल स्टोर ( इन्धन) | ६४२८७३ | |
| | | | | विल रकम ( ९६ प्रतिशत ) | ११९२३३५ | |
| ११६ | थामाङ फक्कु पहिरो नियन्त्रण | ४९१७९१ | ४९३४५१ | देव निर्माण सेवा | २४७१८७ | ४२७५०० |
| | | | | सुनकोशी आयल स्टोर ( इन्धन) | १७६७५० | |
| | | | | विल रकम ( ८६ प्रतिशत ) | ४२३९३७ | |
| १२० | चाङलाकोट पाटीचौर देउराली सडक | २४००७४० | २५०५३९८ | जन जमुना कन्स्ट्रक्सन | १९९७८४ | १९४०००० |
| | | | | मिझ्मा सप्लायर्स एण्ड कन्सट्रक्सन ( जेसिबी ) | ३२१७५६ | |
| | | | | सुनकोशी आयल स्टोर ( इन्धन) | ५३४९७३ | |
| | | | | मेल्मची इन्द्रावत्ती ह्यूम पाइप | ५२५००२ | |
| | | | | बिल रकम ( ६३ प्रतिशत ) | १५८१५१५ | |
| १२७ | कलंसा खेलकुद मैदान ७ | ८४१६८५ | ८४६१४४ | जन जमुना कन्स्ट्रक्सन प्रा लि | १५३७८० | ६७९००० |
| | | | | सुरेश कन्स्ट्रक्सन प्रा लि | १४९१६० | |
| | | | | सुनकोशी आयल स्टोर ( इन्धन) | ३१९६१२ | |
| | | | | बिल रकम ( ७४ प्रतिशत ) | ६२२५५२ | |
| १३५ | जुगल २ मोटरबाटो सरसफाई | १२००००० | १२०१५४२ | नव बिल्डर्स प्रा लि | ४३१६६० | ९७०००० |
| | | | | सुनकोशी आयल स्टोर ( इन्धन) | ३५९४९८ | |
| | | | | बिल रकम ( ६६ प्रतिशत ) | ७९११५८ | |
| | जम्मा | | | | | २६१९००० |